annapurnapost.com
# अन्नपूर्ण पोस्ट
वर्ष २५, अंक १०६, पृष्ठ ८ | काठमाडौं, शुक्रबार २९ साउन २०८३ | श्रावण शुक्लपक्ष द्वितीया नेपाल संवत् ११४६ | FRIDAY, AUGUST 14, 2026 | मूल्य : रु. १०

# देउवा फर्केपछि तरंगित कांग्रेस राजनीति

पाँच महिना लामो विदेश बसाइपछि बिहीबार स्वदेश फर्किएका कांग्रेस निवर्तमान सभापति शेरबहादुर देउवालाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा समर्थकहरूले भव्य स्वागत गरे। विमानस्थलबाट सिधै चुनदेवीस्थित सम्पर्क कार्यालय पुगेका देउवाले 'ज्ञानेन्द्र शाहले त नसकेको अरूले सक्छ ?' भन्दै कडा चुनौती दिए। देउवाको यस पुनरागमनले कांग्रेसको आन्तरिक शक्ति समीकरण र मुलुकको राजनीतिमा हलचल ल्याउने संकेत गरेको छ।


अभिषेक महर्जन

**राधा खनाल** | *काठमाडौं*

समाचार पृष्ठ २

# पहिरोमा १० जनाको मृत्यु, ३ जना अझै बेपत्ता



**खेमबहादुर बुढा** | *रोल्पा*

रोल्पाको थबाङ गाउँपालिका-५ उवा कोटलबारामा बुधबार साँझ पौने ८ बजेतिर गएको पहिरोमा मृत्यु हुनेको संख्या १० पुगेको छ। ३ जना अझै बेपत्ता छन्।

बिहीबार बिहान घटनास्थल पुगेका रोल्पाका प्रमुख जिल्ला अधिकारी गंगाबहादुर क्षेत्रीका अनुसार मृत्यु हुनेको संख्या १० पुगेको हो।

घटनास्थलमा ५ र प्युठान जिल्लाको खोलामा ५ जनाको शव फेला पारिएको छ। मृत्यु हुने ८ जनाको सनाखत भइसकेको छ। मृत्यु हुनेहरूमा १८ वर्षीया शान्ति पुनमगर, ६० वर्षीय कमलबहादुर पुनमगर, ८० वर्षीया मनरखी पुनमगर, ७५ वर्षीय डलबहादुर पुनमगर, ८५ वर्षीया हस्तकला रोकामगर छन्।

प्रहरीका अनुसार उनीहरूलाई घटना स्थलमै फेला पारिएको थियो। घटनास्थलमै पुगेका डाक्टरबाट पोस्टमार्टम गरेर ५ शव आफन्तलाई जिम्मा लगाइएको प्रजिअ क्षेत्रीले जनाए।

त्यसैगरी प्युठानको भिंग्री र चकचके माडी नदीको बगरमा थप ५ जनाको शव फेला परिएको थियो। तीमध्ये ३८ वर्षीया जुनकुमारी पुन, ९ वर्षीय असिम पुन र ५ वर्षीय अशोक पुनको पहिचान खुलेको छ भने दुई जनाको पहिचान हुन बाँकी रहेको। पहिरो स्थलबाट आएको खोला लुंग्री हुँदै प्यूठान माडी मिसिएको छ। शव करिब ७० किलोमिटर टाढा बगाएर लगेको छ।

पहिरोमा परी गम्भीर घाइते भएका २२ वर्षीय हिमाल पुनमगर र २५ वर्षीय सञ्जय घर्तीमगरलाई प्रादेशिक अस्पताल बुटवल लगिएको छ। प्राथमिक स्वास्थ्य केन्द्र सुलिचौरमा प्राथमिक उपचारपछि थप उपचारका लागि प्रादेशिक अस्पताल बुटवल रेफर गरिएको थियो। सुलिचौर-उवा सडक खण्डमा ठाउँठाउँमा पहिरोले बाटो अबरुद्ध भएकाले बोकेरै उपचारमा पठाइएको थियो।

> पहिरो ठूलो आएको र बस्ती नै पुरिएकाले खोजी तथा उद्धार कठिन बनेकाले ३ जना अझै फेला पार्न सकिएको छैन।

पहिरोले ९ घर, १ घुम्ती पसल, २ वटा गोठ र १ चर्च पुरिएको जिल्ला प्रहरी कार्यालय रोल्पाका प्रहरी नायब उपरीक्षक पञ्चकुमार बाखुले जनाए।

घटनास्थलमा प्रजिअ गंगाबहादुर क्षेत्रीसहित नेपाली सेना, सशस्त्र प्रहरी र जनपद प्रहरी घटनास्थल पुगेका थिए। घटनास्थल पुगेको संयुक्त सुरक्षा टोली र स्थानीय उद्धारमा दिनभर खटिए। पहिरो ठूलो आएको र बस्ती नै पुरिएकाले खोजी तथा उद्धार कठिन बनेकाले ३ जना अझै फेला पार्न सकिएको छैन।

पहिरो आसपासका केही घर जोखिममा छन्। एकै गाउँमा भएको यति धेरै मानवीय क्षतिले उठिबासी मात्र होइन सिंगो रोल्पा शोकमा डुबेको छ। यति ठूलो जनधनको क्षति यस क्षेत्रमा पहिलो हो। घटनास्थल सदरमुकाम लिबाङबाट करिब २६ कोष उत्तरपूर्वमा रहेको छ।

## श्रेष्ठमाथि अनुसन्धान गर्न तीन दिन म्याद थप



**अन्नपूर्ण** | *काठमाडौं*

जिल्ला अदालत काठमाडौंले जनआस्था साप्ताहिकका सम्पादक किशोर श्रेष्ठमाथि अनुसन्धान गर्न बिहीबार तीन दिन म्याद थप गरेको छ।

न्यायाधीश उमेशप्रसाद लुइँटेलको इजलासले श्रेष्ठलाई तीन दिन हिरासतमा राखेर अनुसन्धान गर्न अनुमति दिएको हो। वैयक्तिक गोपनीयतासम्बन्धी ऐन, २०७५ विपरीत कसुर गरेको अभियोगमा बुधबार राति ९ बजे ललितपुरस्थित निवासबाट उनलाई पक्राउ गरिएको थियो। गत साउन २५ गते जनआस्था डटकममा सप्तरी-३ बाट निर्वाचित राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद अमरकान्त चौधरीसँग सम्बन्धित समाचार प्रकाशित भएपछि प्रहरीमा उजुरी परेको थियो। सोही उजुरीका आधारमा पक्राउ गरिएको प्रहरीले जनाएको छ।

प्रहरीले म्याद थपका लागि श्रेष्ठलाई हतकडी लगाई काठमाडौं जिल्ला अदालत पुऱ्याएको थियो। श्रेष्ठलाई अदालती प्रक्रियामा नलैजाँदै प्रहरीले बुधबार राति घर र बिहीबार बिहान कार्यालयमा खानतलासीसमेत गरेको थियो। बिहीबार दिनभर नेपाल पत्रकार महासंघका अध्यक्ष निर्मला शर्माको नेतृत्वमा पत्रकारहरूले काठमाडौं प्रहरी परिसरमा धर्ना दिएका थिए। धर्ना कार्यक्रममा बोल्दै महासंघ अध्यक्ष शर्माले श्रेष्ठमाथि अदालती प्रक्रिया अघि नबढ्दै माथिको आदेशबाट पक्राउ गरिएको जवाफ प्रहरीले दिएको बताइन्।

» बाँकी पृष्ठ ६

### सगरमाथामा इन्धन र पिसाबको ताप

# एकै सिजनमा ८ लाख मेगाजुल ग्यास उत्सर्जन

**नितु घले** | *काठमाडौं*

सन् २०२३ को करिब ५० दिन अर्थात् सगरमाथा आधारशिविरमा आरोहणको एउटा सिजनमा भएका मानवीय गतिविधिबाट मात्रै करिब ८ लाख ४९ हजार १ सय ७४ मेगाजुल ऊर्जाबराबरको ग्यास उत्सर्जन भएको एक अध्ययनले देखाएको छ। हिमाली क्षेत्रमा मानिसको बाक्लो उपस्थिति र गतिविधिले वातावरणमा तीव्र नकारात्मक प्रभाव पारिरहेको भन्दै उक्त अध्ययनले गम्भीर चिन्ता व्यक्त गरेको छ।

'इफेक्ट्स अफ ह्युमन एक्टिभिटी अन खुम्बु ग्लेसियर: टुवड्र्स अ सस्टेनेबल एभरेस्ट बेस क्याम्प' शीर्षकको अध्ययनअनुसार सन् २०२३ मा सगरमाथा आधारशिविरबाट ६० हजार केजी फोहोर व्यवस्थापन गरिएको थियो। सोही सिजनमा ८ सय २४ वटा एलपीजी ग्यास सिलिन्डर, १८ हजार ९ सय ३५ लिटर मट्टीतेल र ५ हजार १ सय ३० लिटर पेट्रोल खपत भएको थियो। इन्धनको यो खपतबाट निस्कने ताप र ऊर्जाले मात्रै करिब २ हजार ३ सय ३८ टन हिउँ पग्लिन सक्ने अध्ययनको अनुमान छ।

सोही वर्ष आधारशिविरमा करिब ३१ हजार ८ सय १० लिटर पिसाब विसर्जन गरिएको अनुमान गरिएको छ। उच्च हिमाली क्षेत्रमा मानिसले बढी पानी पिउने भएकाले प्रतिव्यक्ति दैनिक औसत ३.१ लिटर पिसाब जम्मा हुने गर्छ। अध्ययनअनुसार एउटा सिजनमा मानिसको पिसाबको तापक्रम र मात्राका कारण मात्रै १ सय ५४ टन हिउँ पग्लिने गर्छ। समग्रमा इन्धन, पिसाब र अन्य मानवीय गतिविधिबाट गरेर एकै सिजनमा करिब २५ सय टन हिउँ पग्लिने अध्ययनको निष्कर्ष छ।

अध्ययनका मुख्य लेखक खिमलाल गौतम हुन्। सहलेखक तथा त्रिभुवन विश्वविद्यालय, केन्द्रीय वातावरण विभागका सहप्राध्यापक डा. सुदीप ठकुरीका अनुसार पछिल्ला केही दशकयताका मानवीय क्रियाकलापले खुम्बु हिमनदी पगाल्न प्रत्यक्ष मद्दत गरिरहेका छन्।

'खाना पकाउन प्रयोग हुने ग्यास र मट्टीतेल तथा कोठा तताउन र बत्ती बाल्दा प्रयोग हुने



ऊर्जाको केही हिस्सा वातावरणमा मिसिन्छ। त्यो ऊर्जा वायुमण्डलमा विलीन भए पनि हिमाली वातावरणमा पुग्दा त्यसले हिउँ पगाल्न बल पुऱ्याउँछ,' सहप्राध्यापक ठकुरीले भने।

सन् १९९१ देखि २०२३ सम्मका मानवीय गतिविधिलाई विश्लेषण गरिएको उक्त अध्ययनले आधारशिविर क्षेत्रमा वार्षिक ०.२८ डिग्री सेल्सियसका दरले तापक्रम बढिरहेको जनाएको छ। यो वृद्धिदर खुम्बु हिमनदीको आसपासको क्षेत्रको तुलनामा झन्डै दोब्बर र आधारशिविरको उत्तरतर्फको भग्नावशेषयुक्त क्षेत्रभन्दा १५ प्रतिशत बढी हो।

अध्ययनअनुसार सन् १९८४ देखि २०१५ सम्मको अवधिमा यस क्षेत्रमा करिब ३१.३ मिटर बरफको बाक्लोपना घटिसकेको छ। यही क्रम निरन्तर रहे सन् २१०० सम्ममा ४१ प्रतिशत बरफ हराउने प्रक्षेपण गरिएको छ। त्यसैले हिमाल आरोहणलाई व्यवस्थित गर्दै हिमाली पारिस्थितिक प्रणाली जोगाउनुपर्ने सुझाव दिइएको छ।

» बाँकी पृष्ठ ६



# देउवाको आगमन, कांग्रेस समीकरणमा जोड-घटाउ



राधा खनाल | *काठमाडौं*

कांग्रेस सभापति शेरबहादुर देउवा फागुन १३ गते राति उपचारका लागि 'सुटुक्क' सिंगापुर प्रस्थान गरे। एकातिर सत्ताबाट विमुख, अर्कोतिर पार्टी राजनीतिबाट 'किनारा' मा परेका देउवाको सिंगापुर प्रस्थानले राजनीतिमा अनेक प्रश्न उब्जाएका थिए। त्यसमाथि सम्पत्ति शुद्धीकरणलगायतमा छानबिन र सरकारबाट पक्राउ गरिने हल्ला चलाइएको थियो। तर, बिहीबार स्वदेश फर्किने क्रममा देउवाका पक्षमा देखिएको कांग्रेस समर्थकको भीडले पार्टीको आन्तरिक राजनीतिक समीकरणमा फेरि हलचल पो ल्याउने हो कि भन्ने अनुमान गर्न थालिएको छ।

५ महिना लामो स्वास्थ्य उपचारपछि स्वदेश फर्केलगत्तै देउवाको नाममा अपिल जारी गरियो। 'आफू नेता बनेर होइन, यस महान राष्ट्रको आजीवन नागरिक बनेर' फर्किएको देउवाले अपिलमा उल्लेख गरे। आफूलाई 'विनम्र सेवक' का रूपमा प्रस्तुत गर्दै सुन्न, सिक्न र समुन्नत मुलुक निर्माणको यात्रामा समर्पित हुन नेपाल फर्किएको उनले बताएका थिए। अपिलमा देउवाले भनेका छन्- 'जनता नै देशका मालिक हुन्, जनताले जे चाह्यो त्यही हुन्छ।' आफू पक्षीय नेताहरूले खोलेको चुनदेवीस्थित सम्पर्क कार्यालयमा नेता-कार्यकर्तालाई देउवाले संक्षिप्त सम्बोधन गरे। देउवाले आफूविरुद्ध भइरहेका षड्यन्त्र र कानुनी उल्झनहरूबाट आफू विचलित नहुने बताए। 'हाम्रो खिलापमा मुद्दा हालियो। अन्तर्राष्ट्रिय क्रिमिनल कोर्टमा पनि मुद्दा हालेका थिए,' देउवाले आक्रामक हुँदै भने, 'तर शेरबहादुर र आरजुलाई पक्रेर काम छैन भनिदियो। यहीं नेपालमा पनि मुद्दा लगाएका छन्, यस्ता फटाहाहरू छन् यहाँ। सर्वोच्चले पनि शेरबहादुर र आरजुलाई पक्राउ नगर भन्ने आदेश दियो। तैपनि बदमासी गरे।'

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले पटक-पटक आफूहरूमाथि अनुसन्धान गरेको उनको भनाइ थियो। 'सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग छ यहाँ पनि, एक पटक आयो, केही छैन भन्यो। दोस्रो पटक आयो, केही छैन भन्यो। उसलाई निकालिदियो। यतिसम्म बदमासीपूर्ण काम गरेका छन्, तर मलाई बदलाको भावना लिनु छैन।'

### 'राजा ज्ञानेन्द्रले त सकेनन्, अरूले सक्छन् ?'

पूर्वराजा ज्ञानेन्द्र शाहले आफूलाई केही गर्न नसकेको भन्दै अरूले पनि केही गर्न नसक्ने देउवाले बताए। 'राजा ज्ञानेन्द्रले त सकेनन्, अरूले सक्लान् यहाँ ?' उनले आक्रामक शैलीमा भने। देउवाले देशको अदालत र जनताले सबै कुरा बुझेको भन्दै आफूविरुद्ध लाग्नेहरूलाई समयले नै उत्तर दिने बताए। 'म धेरै कुरा गर्ने पक्षमा छैन, संविधानसभाको पहिलो बैठकले नेपालमा गणतन्त्र ल्याएको हो, गणतन्त्र। मैले मात्रै चाहेर ल्याएको हो र ? संविधानसभाले ल्याएको हो गणतन्त्र। मैलेमात्र चाहेको भए आउने पनि थिएन, मैले चाहेर जाने पनि होइन। नेपाली जनता सबैभन्दा ठूला हुन्। जनता मालिक हुन्। मालिकले जे भन्यो त्यही हुन्छ।'

नेपाली जनता र नेपाली अदालतमाथि आफूलाई पूरा विश्वास रहेको पनि देउवाले बताए। 'सर्वोच्च अदालत पञ्चायतकालदेखि नै निष्पक्ष न्याय दिएको अदालत हो, यो अदालतप्रति मलाई पूरा विश्वास छ,' देउवाले भने। उनले आफ्नो स्वास्थ्यप्रति चासो, चिन्ता र स्वास्थ्यलाभको कामना गर्ने सबैलाई धन्यवाद दिएका छन्। पाँच महिनाको उपचारपछि स्वदेश फर्कन पाउँदा आफू गहिरो भावनाले भरिएको उल्लेख गर्दै उनले हिमाल, पहाड र तराईले आफूलाई आफ्नै घरतर्फ बोलाएको अनुभूति भएको बताएका छन्।

देउवाले सार्वजनिक जीवनमा पदमा रहेर काम गर्दा आलोचना र प्रत्यालोचना हुनु स्वाभाविक भएको उल्लेख गर्दै आफूले राष्ट्र, लोकतन्त्र, नागरिक, संविधान र कानुनलाई सर्वोपरि मानेर काम गरेको दाबी गरेका छन्। उनले आफ्नो जीवन 'खुला किताब' भएको भन्दै आगामी दिनमा पनि राष्ट्र, राष्ट्रियता, लोकतन्त्र, संविधान, कानुन र नैतिक मूल्य-मान्यताअनुसार काम गर्ने प्रतिबद्धता जनाएका छन्।

### कांग्रेसको एकतामा जोड

देउवाले कांग्रेसभित्र देखिएको असहमति र निराशा तत्काल समाधान गर्नुपर्ने बताएका छन्। 'संसद्मा अंकगणितीय रूपमा कांग्रेस सानो भए पनि २००७ सालदेखि नेपालको राजनीतिक परिवर्तनका हरेक चरणमा कांग्रेसले नेतृत्वदायी भूमिका निर्वाह गरेको छ,' देउवाले अपिलमा भनेका छन्। मुलुकको 'मियो दल' कांग्रेसभित्र विवाद हुँदा राष्ट्रियता नै कमजोर हुन सक्ने भन्दै उनले पार्टीका नेता, कार्यकर्ता, शुभेच्छुक, समर्थक र मतदातालाई सामूहिकतामा विश्वास गर्ने पार्टीको चरित्रअनुसार अघि बढ्न आग्रह गरेका छन्। सबैको त्याग, बलिदान र संघर्षलाई स्वीकार गर्दै पार्टीलाई एकताबद्ध बनाउनुपर्नेमा देउवाले जोड दिएका छन्।

### पाका सबै नेता खराब भन्ने भाष्य गलत

पूर्वप्रधानमन्त्री एवं कांग्रेसका निवर्तमान सभापति देउवाले युवाहरूलाई नेतृत्वमा अघि बढाउनुपर्ने बताउँदै सामाजिक सञ्जालमा प्राप्त भ्युजका आधारमा पाका तथा अनुभवी सबै नेता खराब हुन् भन्ने भाष्य निर्माण गर्न नहुने स्पष्ट पारेका छन्। उनले युवा पुस्तालाई अघि बढाउँदै गर्दा कांग्रेसको ऐतिहासिक दायित्व, अनुभव र योगदानलाई पनि बिर्सिन नहुने सन्देश दिएका छन्।

देउवा चुनदेवी पुगेलगत्तै उनको कार्यकक्ष प्रवेश गर्ने ढोकामा सभापति पद राखिएको छ। इतर पक्षले देउवालाई सभापतिकै रूपमा कार्यकक्ष बनाएर प्रवेश गराएको थियो।



**प्रदीप पौडेल, महामन्त्री**

निवर्तमान पार्टी सभापति शेरबहादुर दाइलाई हार्दिक स्वागत छ। पूर्ण स्वास्थ्यलाभको कामना छ। कांग्रेस पार्टीले उहाँलाई ५ पटक प्रधानमन्त्री बनाएको हो। दुई पटक पार्टी सभापति बनायो। उहाँले नेपाली कांग्रेस पार्टीलाई एकतामा ल्याउन पहल गर्नुहोला। उहाँबाट अपेक्षा गरिने मुख्य कुरा भनेको उहाँ कुनै कित्ताको हुनुभएन। विधि-प्रक्रियालाई स्वीकार्नुहुन्छ भन्ने हामीलाई लाग्छ। शेरबहादुर दाइ विधि र प्रक्रिया मान्ने नेता हो। उहाँले विधिलाई अवलम्बन गरेर सबैलाई एउटै डोरीमा समेट्नुहुन्छ भन्ने अपेक्षा गर्न सकिन्छ।



**पूर्णबहादुर खड्का, पूर्वकार्यवाहक सभापति**

हामीले हाम्रो अभिभावक आएको महसुस गरेका छौं। हाम्रा अभिभावक तथा पार्टी सभापति शेरबहादुर देउवा भदौ २४ गतेको घटनामा धेरै ठूलो आक्रमणमा परेर गम्भीर घाइते हुनुभएको सबैलाई थाहा छ। उहाँ थप स्वास्थोपचारका लागि विदेश जानुभएको थियो। आज उहाँ पूर्ण स्वास्थ्यलाभ गरेर आउनुभएको हामीले पायौं। यसबाट हामी सबै खुसी र उत्साहित भएका छौं। अब पार्टीको सम्पूर्ण एकता गर्ने सन्दर्भमा उहाँले निर्णायक भूमिका खेल्नुहुन्छ भन्ने मलाई विश्वास छ। एउटा नेतृत्वमा हुनुपर्ने परिपक्व भावको कमी भएरै पार्टी एक हुन सकेको थिएन। अब एउटै लयमा पार्टी जान्छ। त्यो भूमिका आदरणीय नेता शेरबहादुर देउवाले गर्नुहुन्छ।

### कांग्रेसले भन्यो- अभिभावकीय भूमिकाको अपेक्षा गर्छौं

कांग्रेसको केन्द्रीय समिति बैठकले निवर्तमान सभापति शेरबहादुर देउवा स्वदेश फर्किएकामा स्वागत गरेको छ। सभापति गगन थापाको अध्यक्षतामा बिहीबार बसेको बैठकले भनेको छ, 'नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिको यो बैठक पार्टीका निवर्तमान सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा लामो समयको स्वास्थ्य उपचारपछि स्वदेश फर्कनुभएकोमा हार्दिक स्वागत गर्दछ।

यो बैठक उहाँको पूर्ण स्वास्थ्यलाभको कामना गर्दछ।' कांग्रेसको निर्णयमा भनिएको छ, 'लोकतान्त्रिक आन्दोलनमा गर्नुभएको नेतृत्वप्रति हार्दिक सम्मान प्रकट गर्दछ।'

बैठकले देउवाबाट अभिभावकीय भूमिकाको पनि अपेक्षा गर्दै भनेको छ, 'पार्टी र देशमा विधि र पद्धति स्थापित गर्न लामो संघर्ष गर्नुभएका आदरणीय नेताले विशेष महाधिवेशनमार्फत पार्टीमा आएको वैधानिक परिवर्तनलाई संस्थागत गर्दै समयसापेक्ष र गतिशील नेपाली कांग्रेस निर्माणका लागि निवर्तमान सभापतिका रूपमा अभिभावकीय भूमिका निर्वाह गर्नुहुनेछ भन्नेमा यो बैठक पूर्णविश्वास व्यक्त गर्दछ।' बैठकको सुरुवातमै सभापति थापाले भने, 'स्वास्थ्य उपचारपछि नेपाल फर्किनुभएका निवर्तमान सभापति शेरबहादुर देउवाजीलाई स्वदेशमा स्वागत छ।'

तर, कांग्रेसभित्रको नेतृत्व र आधिकारिकतासम्बन्धी विवाद भने कायमै छ। नेता डा. शशांक कोइरालाले देउवा नै नेपाली कांग्रेसको वैधानिक सभापति रहेको दाबी गरेका छन्। सभापतिको जिम्मेवारीका विषयमा कानुनी अड्चन वा अदालतबाट 'स्टे अर्डर' नरहेको भन्दै उनले देउवा नेतृत्वअन्तर्गत पार्टीलाई बलियो बनाउनुपर्ने बताएका छन्। पार्टीबाट बाहिरिएको पक्षलाई समेत पुन: मूलधारमा ल्याउनुपर्नेमा जोड दिँदै कोइरालाले असन्तुष्टि संवादमार्फत समाधान गर्नुपर्ने बताए।

### राष्ट्रिय भेलालाई सम्बोधन गर्ने

२९ साउनदेखि कांग्रेस संस्थापनइतर (देउवा) समूहले तीनदिने राष्ट्रिय भेला आयोजना गरेको छ। देउवाले उक्त भेलालाई सम्बोधन गर्ने तय भइसकेको उनी पक्षीय नेताहरू बताउँछन्। अर्कोतर्फ संस्थापन पक्षको केन्द्रीय समिति बैठक पनि जारी छ। विशेष महाधिवेशनमार्फत गगन थापा नेतृत्वमा आएको कांग्रेसको आधिकारिकता विवाद र देउवा पक्षका नेताहरूले बोलाएको राष्ट्रिय भेलाका कारण पार्टीभित्रको शक्ति संघर्ष थप पेचिलो बनेको छ।

लामो समय विदेशमा रहेका देउवा स्वदेश फर्किएसँगै कांग्रेसको आन्तरिक शक्ति समीकरणमा उनको प्रत्यक्ष उपस्थितिको प्रभाव कस्तो पर्छ भन्ने चासो बढेको छ।

### सम्पत्ति शुद्धीकरण अनुसन्धानको विषय पनि चर्चामा

देउवा स्वदेश फर्किएसँगै उनी र उनकी पत्नी डा. आरजु राणा देउवामाथि भइरहेको सम्पत्ति शुद्धीकरण अनुसन्धानको विषय पनि पुन: चर्चामा आएको छ।

जेन-जी आन्दोलनका क्रममा बूढानीलकण्ठस्थित देउवा निवासमा आगजनी र लुटपाट भएपछि जलेका नोटका टुक्रा फेला परेको खबर सार्वजनिक भएका थिए। त्यसपछि सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले उनीहरूमाथि अनुसन्धान अघि बढाएको थियो।

विभागको पत्रका आधारमा काठमाडौं जिल्ला अदालतले देउवा दम्पतीविरुद्ध पक्राउ पुर्जी जारी गरेको थियो। उनीहरूलाई नेपाल फर्काउने उद्देश्यले इन्टरपोलमार्फत रेड कर्नर नोटिस जारी गराउने प्रयास भए पनि पर्याप्त आधार र प्रमाण नपुगेको भन्दै रेड नोटिस जारी नभएको बताइएको छ। देउवा स्वयं नेपाल फर्किएपछि अनुसन्धान र अदालतबाट जारी पक्राउ पुर्जीको कार्यान्वयन कसरी अघि बढ्छ भन्ने विषय सर्वत्र चासोको विषय बनेको छ।

### विदेश बसाइबारे प्रश्न कायमै

देउवा फागुन १२ गते स्वास्थ्य परीक्षणका लागि सिंगापुर गएका थिए। उनकी पत्नी आरजु भने दिल्ली हुँदै सिंगापुर पुगेकी थिइन्। पछि देउवा दम्पती सिंगापुरबाट हङकङ पुगेका थिए।

उनीहरूले उपचारका लागि विदेश गएको बताउँदै आए पनि कहाँ र कुन स्वास्थ्य समस्याको उपचार गराइएको हो भन्नेबारे विस्तृत जानकारी सार्वजनिक गरिएको छैन। पाँच महिनाभन्दा लामो विदेश बसाइको खर्च कसले व्यहोरेको हो भन्ने प्रश्न पनि अझै उठिरहेको छ।

देउवा स्वदेश फर्किए पनि उनकी पत्नी आरजु भने अझै विदेशमै रहेकी छन्। स्वास्थ्य उपचारपछि देउवाको स्वदेश फिर्तीले व्यक्तिगत स्वास्थ्यभन्दा बाहिर कांग्रेसको नेतृत्व विवाद, पार्टी एकता, आगामी राजनीतिक रणनीति तथा सम्पत्ति शुद्धीकरण अनुसन्धानलगायत विषयलाई समेत पुन: राजनीतिक बहसको केन्द्रमा ल्याएको छ।



राष्ट्रिय भेला आयोजक समितिले उहाँ कार्यालयमा आउँदा कुन भूमिकामा राख्ने, कोठामा राख्दा के परिचय दिएर राख्ने भनेर तय गरेको हो। एउटा कोठामा डा. शशांक कोइराला संयोजक हुनुहुन्छ, अर्कोमा उहाँ।

**मीन विश्वकर्मा**
नेता



कांग्रेसको सभापति गगन थापा नै हुनुहुन्छ, उहाँ नै वास्तविक नेतृत्व हो। शेरबहादुर दाइको नाममा चलखेल गर्ने र उहाँलाई प्रयोग गरेर फेरि तागतमा पुग्ने कांग्रेसभित्रको प्रवृत्ति मौलाएको छ। त्यसले नेपाली कांग्रेसलाई उचाइमा पुर्‍याउन सक्दैन।

**डिला संग्रौला**
सहमहामन्त्री



एउटा जनताको छोरो, सुदूरपश्चिमको एउटा कुनाकाप्चामा जन्मिएको एउटा नेता, उहाँको कर्मले गर्दा आज यत्रो समर्थन पाउनु भएको छ। यो नेपाली जनताका लागि पनि खुसीको कुरा हो।

**मोहन बस्नेत**
नेता



अब शेरबहादुर देउवाजीकै नेतृत्वमा पार्टीको बृहत्तर एकता हुन्छ। देशभरिबाट पार्टीका शुभचिन्तक तथा समर्थकहरू स्वत:स्फूर्त रूपमा विमानस्थल आउनुभएको छ। अहिले नआएका नेताहरू पनि केही दिनभित्र आउनुहुन्छ।

**डा. प्रकाशशरण महत**
नेता

## आजको राशिफल



ज्यो. पं. मुकेश काफ्ले

**मेष** — आर्थिक लाभका अवसरहरू अघि बढ्नेछन्। नयाँ जिम्मेवारी वा पद प्राप्त हुने योग छ।
शुभ रंग: रातो
शुभ अंक: ९

**मिथुन** — नयाँ काम सुरु गर्न उत्तम दिन रहेको छ। नयाँ-नयाँ अवसर प्राप्त हुनेछन्।
शुभ रंग: हरियो
शुभ अंक: ५

**सिंह** — मान-सम्मान बढ्ने दिन रहेको छ। काममा नेतृत्व गर्ने अवसर मिल्न सक्छ।
शुभ रंग: रातो
शुभ अंक: १

**तुला** — व्यापार तथा साझेदारीमा लाभ मिल्ने सम्भावना छ। सम्बन्धमा मिठास बढ्नेछ।
शुभ रंग: सेतो
शुभ अंक: ६

**धनु** — भाग्यले साथ दिने दिन रहेको छ। यात्रा तथा विदेशसम्बन्धी काममा सकारात्मक परिणाम मिल्ने सम्भावना छ।
शुभ रंग: पहेँलो
शुभ अंक: ३

**कुम्भ** — नयाँ सम्पर्कबाट लाभ मिल्न सक्छ। व्यापार तथा करियरमा प्रगति हुनेछ।
शुभ रंग: नीलो
शुभ अंक: ४

**वृष** — जागिर वा व्यवसायमा प्रगति हुने दिन रहेको छ। परिवारमा खुसीको वातावरण रहनेछ।
शुभ रंग: सेतो
शुभ अंक: ६

**कर्कट** — रोकिएका कामहरू अघि बढ्नेछन्। पारिवारिक सहयोग प्राप्त हुनेछ।
शुभ रंग: सेतो
शुभ अंक: २

**कन्या** — मेहनतको राम्रो फल प्राप्त हुनेछ। आर्थिक पक्ष बलियो बन्नेछ। नयाँ जिम्मेवारीले व्यस्तता बढाउन सक्छ।
शुभ रंग: हरियो
शुभ अंक: ५

**वृश्चिक** — काममा चुनौती आए पनि सफलता प्राप्त हुनेछ। आर्थिक कारोबारमा सावधानी अपनाउनुहोस्।
शुभ रंग: रातो
शुभ अंक: ९

**मकर** — मेहनतअनुसार सफलता मिल्नेछ। पुरानो आर्थिक समस्या समाधानतर्फ जानेछ।
शुभ रंग: नीलो।
शुभ अंक: ८

**मीन** — आर्थिक लाभको सम्भावना छ। रोकिएका काम पूरा हुनेछन्। परिवारमा शुभ समाचार आउन सक्छ।
शुभ रंग: पहेँलो
शुभ अंक: ७

# एजेन्टको जालमा बेपत्ता भए विशेष

**अजवी पौड्याल** | *काठमाडौं*



## कहिले फर्केलान् बुढेसकालको सहारा

'मेरो छोरा अरू जस्तो खराब थिएन, निकै असल थियो। एउटै छोरा बुढेसकालको सहारा होला भनेर कुनै कुरामा कमी गरेनौं। विदेश जान्छु भन्यो, उसले मागे जति पैसा पठाइदिएँ। यही गल्ती भयो। उसलाई विदेश जान नदिएको भए मैले छोरा गुमाउनुपर्ने थिएन, आज म यसरी एक्लो हुने थिइनँ।'

बोल्दाबोल्दै मनकुमारी चाम्लिङका आँखा रसाए। उनले टाउको झुकाएर आँसु पुछिन् र हिक्क-हिक्क गर्दै छोराको तस्बिरतर्फ हेरिरहिन्। केही बेर तस्बिर नियालिरहँदा उनका आँखाले सायद भनिरहेका थिए– 'बाबु कहाँ छौ ? छिटो फर्केर सम्पर्कमा आऊ।'

२०७४ साल मंसिर ५ गते राति ९ बजे, त्यतिबेला इजरायलमा रहेकी मनकुमारी चाम्लिङलाई छोरा विशेष मगरले म्यासेज गरे– 'म जान लागेको ममी।'

मनकुमारीले सोधिन्, 'ए पैसा दिनुभयो ?'

विशेषले फेरि लेखे, 'अँ, एक सय डलर दिनुभयो।'

आमाले फेरि सोधिन्, 'ए ल ल, हिँडेको नानी ?'

विशेषले क्याफेमा बसेर कफी खाँदै गरेको फोटो पठाए। अनि लेखे, 'हिँडेको अब।'

आमा-छोराको यही कुराकानी नै अन्तिम बन्यो। त्यसलगत्तै अफलाइन गएको छोराको फेसबुक अहिलेसम्म अनलाइन भएको छैन। फोन, ह्वाट्सएप र म्यासेन्जरका सबै आईडीहरू निष्क्रिय छन्। मनकुमारी हरेक दिन छोराको फोटो हेर्छिन्, कहीँ-कतैबाट खबर पठाएको छ कि भनेर निकै चनाखो हुन्छिन्। तर न त छोराको फोन आयो, न कुनै खबर, न त जिउँदो वा मरेको कुनै प्रमाण नै। छोरा खोज्दै मनकुमारी भौंतारिएको निकै भयो। उनका छोरा फ्रान्स जाने भन्दै २०७४ साउनमा टर्की गएका थिए। मनकुमारीका अनुसार टर्की जाँदा उनी जम्मा २१ वर्षका थिए। मोरङ बस्ने राज लिम्बूलाई ६ लाख रुपैयाँ बुझाएर उनी टर्की गएका थिए।

काठमाडौंमा बसेर पढ्दै गरेका उनलाई टर्कीमा राम्रो कमाइ हुन्छ भनेर भारत लगेर भिसा दिलाई टर्की पठाइएको थियो। त्यहाँ तीन महिनासम्म उनले कुनै काम पाएनन्। त्यसपछि त्यहाँबाट फ्रान्स जान सजिलो हुन्छ भन्दै इटालीको बाटो हिँडेका थिए। छोराले फ्रान्स जान ६ हजार डलर लाग्छ भनेपछि मनकुमारीले मोरङ उर्लाबारी-४ का एजेन्ट राज लिम्बूको नाममा ६ हजार डलर पठाएकी थिइन्। उनी भन्छिन्, 'उसलाई इटाली पठाइएको हो कि होइन ? कसले कता लग्यो ?' इटालीको भिसा र टिकटबारे भने आफूलाई केही थाहा नभएको उनी बताउँछिन्। 'मेरो छोरा एकदम असल थियो। कतै अप्ठ्यारोमा पऱ्यो कि ? मलाई त ऊ जिउँदै छ जस्तो लाग्छ। खोज्नका लागि कता-कता गएँ तर न त सास पाइयो, न त लास नै।'

छोरा खोजिदिन भन्दै उनले नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्युरोमा पनि निवेदन दिएकी थिइन्। तर अहिलेसम्म केही पत्तो लागेको छैन। ब्युरोबाट एक-दुई पटक फोन त आयो, तर न त विदेश लैजाने एजेन्ट पक्राउ परे, न त छोराको कुनै खबर नै पाए। टर्कीबाट हराएको छोरा खोज्न उनले त्यहाँका संघसंस्थालाई पनि आग्रह गरिन्, तर कुनै पत्तो लागेन। बिहीबार अन्नपूर्ण पोस्ट्को कार्यालयमा आएकी मनकुमारीलाई कसैले मिडियामा गएपछि छोरा भेटिन्छ भनेर भनेको रहेछ। यही आसमा उनी निकै थकित अवस्थामा अन्नपूर्ण पोस्ट्को कार्यालय पुगेकी थिइन्।

कुराकानीकै क्रममा मनकुमारीले भनिन्, 'ऊ विदेश जाने बेला म इजरायल थिएँ। बुवासँग ऊ मोरङमै बस्थ्यो। उसैले एजेन्ट राज लिम्बूलाई भेटेको हो। राजका पार्टनर सुरज भन्ने फूलकुमार लिम्बू टर्कीमा बसेर नेपालीहरूलाई गैरकानुनी रूपमा टर्की पुऱ्याई ठगी गर्दै आएका रहेछन्। उनीहरूको विवरणसहित प्रहरीमा उजुरी दिएका छौं। तर न उनीहरू पक्राउ परे, न त कुनै जानकारी नै आयो। उसलाई फ्रान्स पठाउने सुरज र राजलाई पक्राउ गरेर सोधपुछ गर्न पाए त विशेष कहाँ गयो र के भयो भन्ने कुरा उनीहरूले बताउँथे नि!'

गैरआवासीय नेपाली संघ (एनआरएनए) टर्कीका संस्थापक अध्यक्ष उज्ज्वलकुमार घिसिङले विशेष टर्कीमा नभएको बताए। पछिल्लो समय भिजिट भिसामा टर्की पुऱ्याएर बिचल्ली पार्ने गिरोह निकै सक्रिय रहेको बताउँदै उनले विशेषको खोजीका लागि आफूहरू टर्कीमा निकै खटिएको जानकारी दिए। उनी भन्छन्, 'कतै नभेटिएपछि जेल परे कि भन्ने आशंका थियो। तर जेलमा गएर विवरण हेर्दा पनि विशेषको पत्तो लागेन। उनलाई कसले कहाँ पुऱ्यायो, केही भन्न सकिएन।'

नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्युरका प्रवक्ता राजन लिम्बूले मनकुमारीको निवेदन लिएर अनुसन्धान अघि बढाउने बताए। उनी भन्छन्, 'पुरानो निवेदनको रेकर्ड यहाँ भेटिएन। हामी सम्बन्धित देशमा सम्पर्क गरेर हराएको व्यक्तिको खोजतलास गर्ने प्रयास गर्छौं।'

# होल्डिङ सेन्टरमै अस्ताए हीरालाल

**संजीप घिमिरे** | *भक्तपुर*



काठमाडौं उपत्यकामा सयौं धनाढ्यका भव्य महल उभ्याएका ५७ वर्षीय हीरालाल हजारा दुषाधको आफ्नै घर बनाउने सपना भने कहिल्यै पूरा भएन। काठमाडौं त के, जन्मगाउँ बाराको सुवर्ण गाउँपालिका-२ मा समेत उनीसँग एक धुर जग्गा थिएन। पसिना बगाएर कमाएको पैसाले २५ वर्षअघि बागमती किनार थापाथलीमा टहरा बनाएर उनले घरको तिर्खा मेटेका थिए।

थापाथलीको त्यही बस्ती हीरालालका लागि स्वर्गसरह थियो। तीन छोरीको कन्यादान, बुहारी भित्र्याउँदै नातिनातिनासँगको खुसी उनले त्यहीँ साटे। तर, चार महिनाअघि सरकारले सुकुम्बासी बस्तीमा डोजर चलाएपछि उनको त्यो संसार उजाडियो।

'१५ दिनभित्र स्थायी व्यवस्थापन गर्छौं' भन्ने राज्यको आश्वासन पछाडि लाग्दै उनी परिवारसहित पहिले कीर्तिपुर र पछि बाढीका कारण भक्तपुरको बोडेस्थित होल्डिङ सेन्टर पुगे। तर, बोडेको अस्थायी बासस्थानमा पुगेपछि हीरालालको चिन्ता र निराशा झन् गहिरिँदै गयो।

बिहीबार बिहान बोडे होल्डिङ सेन्टरको दोस्रो तलामा रहेको कोठा नम्बर २०७ मा हीरालाल मृत भेटिए। श्रीमती गाउँ गएको र छोराको परिवार अर्को कोठामा रहेको मौकामा उनले सिलिङमा पासो लगाएर देहत्याग गरेका थिए। दुनियाँका लागि घर बनाइदिने हीरालालले 'हाम्रो घर कहिले बन्छ ?' भन्ने अनूत्तरित प्रश्न सरकारतिरै तेर्स्याएर सधैंका लागि बिदा भए।

### मरेपछि पनि सास्ती

हीरालालको निधनपछि पनि दुःखको शृंखला रोकिएन। राज्यको उपेक्षाका कारण उनले ज्यान गुमाउनु परेको भन्दै आक्रोशित सुकुम्बासीहरूले दिनभर शव उठाउन दिएनन्। 'सरकारले घटनाको जिम्मेवारी लिनुपर्छ' भन्दै आन्दोलन भएपछि प्रहरी र प्रशासन मुचुल्का नै नबाँधी फर्कन बाध्य भयो। श्वासविहीन उनको शरीर दिनभर कोठामै झुन्डिइरह्यो।

साँझ करिब ७ बजे बागमती सभ्यता एकीकृत विकास समिति र जिल्ला प्रशासनको टोलीसँग सम्झौता भएपछि मात्र शव भुइँमा झारियो। तर, परिवार र सुकुम्बासीहरूले शव अस्पताल लैजान अझै अस्वीकार गरिरहेका छन्।

सुकुम्बासी नेता दलमर्दन कामी र संयुक्त सुकुम्बासी मोर्चाले हीरालाललाई 'भूमि संघर्षका सहिद' घोषणा गर्नुपर्ने, घटनाको निष्पक्ष न्यायिक छानबिन हुनुपर्ने, राहत र सुकुम्बासीको दीर्घकालीन व्यवस्थापन हुनुपर्ने माग राखेका छन्। माग पूरा नभए आन्दोलन देशव्यापी बनाउने उनीहरूको चेतावनी छ। हीरालाललाई मादक पदार्थसमेत नखाने, सन्त स्वभावका इमानदार व्यक्तिका रूपमा सम्झिँदै उनका छोरा रवि भन्छन्, 'बुबाले आत्महत्या गर्नुभएको होइन, सरकारले आत्महत्या गर्न बाध्य पारेको हो। उहाँको निधनपछि भए पनि सुकुम्बासी समस्याको स्थायी समाधान भइदिए उहाँको आत्माले शान्ति पाउने थियो।'

अरूका लागि सयौं महल उभ्याएका कालिगड हीरालाल अन्ततः राज्यको अनिश्चितता र उपेक्षाको सिकार बन्दै होल्डिङ सेन्टरको चिसो कोठामै अस्ताए।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: का.म.पा., वडा नं. २८, कमलादी, प्रज्ञा मार्ग
फोन नं.: +९७७-१-५९७१२९७/९८, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, केन्द्रिय असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

## ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैतीस) दिने सार्वजनिक सूचना

यस बैंकका तपसिलका ऋणीले लिनुभएको ऋण कर्जा सुविधाको साँवा, व्याज लगायतका अन्य रकम बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त उल्लंघन गर्नुभएकोले कर्जा चुक्ता भुक्तानी गर्न पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत कर्जा चुक्ता नगर्नुभएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी ऋण कर्जाको सम्पूर्ण साँवा, व्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम विक्री वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणी लगायत सम्वद्ध सबैलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा नाम समावेश गर्न सिफारिस गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितो सुरक्षणबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम जमानीकर्तालाई कर्जा चुक्ता गर्न समय प्रदान गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगरेमा जमानतकर्तालाई समेत कालोसूचीमा समावेश गर्न सिफारिस गरि बाँकी रहेको कर्जा असूल उपर गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली, २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

| क्र.सं. | ऋणीको विवरण | जमानीकर्ताहरु |
|---|---|---|
| १ | **१) ऋणी फर्म : असल इट्टा उद्योग, साझेदार तथा जमानीकर्ता : १) वसन्ती शाह, २) विष्णु शाह** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, बाँके, नेपालगंजमा सा.फ.द.नं. १६/२४२/०७०/०७१, दर्ता मिति : २०७०/०८/२१, ठेगाना : जिल्ला बाँके, बैजनाथ गा.पा. वडा नं. ८ | १) वसन्ती शाह<br>२) विष्णु शाह<br>३) प्रेम बहादुर शाह<br>४) बेल कुमारी शाह |
| | **२) ऋणी : वसन्ती शाह** स्थायी ठेगाना : बाँके जिल्ला, चिसापानी गा.वि.स. वडा नं. ८, हालको ठेगाना : बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ३, बाबु : ललित जंग शाह, ससुरा : प्रेम बहादुर शाह, पति : विष्णु शाह | १) विज्ञप्ती शाह<br>२) विष्णु शाह<br>३) प्रेम बहादुर शाह<br>४) बेल कुमारी शाह |

नोट: ऋणी/सञ्चालक/प्रोपाईटर बाहेक सूचनामा उल्लेखित अन्य ब्यक्तिहरुको नाम ऋणी/सञ्चालक/प्रोपाईटरको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

# सरकार र लघुवित्त पीडितबीच ७ बुँदे सहमति

## काठमाडौं केन्द्रित आन्दोलन स्थगित

**काठमाडौं** (अन्नपूर्ण): सरकार र लघुवित्त पीडित तथा वित्तीय शोषणविरुद्ध किसान मजदुर आन्दोलनबीच सातबुँदे सहमति भएको छ।

अर्थ मन्त्रालयमा बिहीबार भएको वार्तामा सहमति भएसँगै पीडितहरूले राजधानी केन्द्रित सम्पूर्ण आन्दोलनका कार्यक्रमहरू स्थगित गरेका छन्। अर्थमन्त्रीस्तरको निर्णयअनुसार गठित वार्ता टोली र आन्दोलनरत पक्षबीच भएको छलफलपछि सातबुँदे सहमति भएको हो।

लघुवित्त वित्तीय संस्थाका सदस्य र ऋणीसँग सम्बन्धित समस्या निराकरणका लागि आवश्यक अध्ययन गरी सुझाव दिन उच्चस्तरीय लघुवित्त वित्तीय संस्थाका समस्या समाधान समिति गठन गर्न सिफारिस गर्ने सहमति भएको छ।

समस्यामा परेका लघुवित्त ऋणीहरूको पुनरुत्थानका लागि पुनरुत्थान कार्यक्रम सञ्चालन एवं कालोसूची र धितो लिलामसम्बन्धी विद्यमान व्यवस्था पुनरावलोकन तथा कर्जा मिनाहासम्बन्धी मागका विषयमा तथ्यांक विश्लेषण गरी उपयुक्त कार्यान्वयनयोग्य विकल्पसहित प्रतिवेदनमा सिफारिस गर्ने सहमति भएको छ।

सहमतिमा भनिएको छ, 'लघुवित्त संस्थाका विपन्न, समस्याग्रस्त र परिस्थितिजन्य हिसाबले आर्थिक रूपमा अशक्त ऋणीको हकमा निजले लिएको कर्जा निक्षेप तथा कर्जा सुरक्षण कोषमार्फत सुरक्षित गरेको वा ऋणीको जीवन बिमा गरेको अवस्था यकिन गरी कार्यान्वयन गर्न सम्बन्धित लघुवित्त संस्थालाई आवश्यक निर्देशन दिने।'

दुवै पक्षबीच लघुवित्तसम्बन्धी समस्या र गुनासोको प्रभावकारी व्यवस्थापनका लागि नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सुपरिवेक्षण विभागमा टोल फ्रि हटलाइनको व्यवस्थासहित अन्य माध्यमबाट लघुवित्त पीडितका गुनासोको सम्बोधन गर्ने सहमति जनाएको छ।

'घ' वर्गका इजाजतपत्र प्राप्त लघुवित्त वित्तीय संस्थाहरूलाई नेपाल राष्ट्र बैंकबाट जारी गरिएको सञ्चालन मार्गदर्शन, २०८१ को पूर्ण कार्यान्वयन गर्ने र सो को नेपाल राष्ट्र बैंकले कडाइका साथ अनुगमन गर्ने सहमति भएको छ।

लघुवित्त वित्तीय संस्थाले ऋण असुलीका लागि यातना दिने, घरबाट जिन्सी सामान उठाएर लैजाने, किस्ता नतिरेसम्म संस्थाका कर्मचारी घरमै बसेर धरपकड गर्नेलगायतका कार्यहरूका सम्बन्धमा पीडितले तत्काल जिल्ला प्रशासन कार्यालयमा उजुरी गर्ने सहमति भएको छ। सहमतिपत्रमा लेखिएको छ, 'कानुनविपरीतका कार्यहरू उपर प्रचलित कानुनबमोजिम कारबाही प्रक्रिया अगाडि बढाउन गृह मन्त्रालयले जिल्ला प्रशासन कार्यालयलाई निर्देशन गर्ने।'

# त्रिशूलीमा बालुवा संकलन पुनः सुरु

समाचार प्रभाव

**विकास रौनियार** | *धादिङ*



धादिङको गजुरी गाउँपालिका-५ राईगाउँका मजदुरहरू त्रिशूली नदीबाट हातैले बालुवा संकलन गर्ने काममा पुनः फर्किएका छन्। केही दिनदेखि रोकिएको बालुवा संकलन कार्य समाचारको प्रभावसँगै गजुरी गाउँपालिकाको पहल र समन्वयपछि बिहीबारदेखि पुनः सञ्चालनमा आएको हो।

सुरक्षा सामग्रीको प्रयोग गरी सावधानीपूर्वक काम गर्ने सहमति भएपछि मजदुरहरू नदीमा फर्किएका हुन्। गजुरी गाउँपालिकाले नदीमा काम गर्दा हुन सक्ने जोखिम न्यूनीकरणका लागि मजदुरहरूलाई 'लाइफ ज्याकेट', 'लाइफ रिङ' लगायतका सुरक्षा तथा उद्धार सामग्री उपलब्ध गराएको छ।

त्रिशूली नदीबाट हातैले बालुवा निकालेर दैनिक ज्याला गर्दै परिवारको गुजारा चलाउँदै आएका मजदुरहरूको काम रोकिएपछि उनीहरूको रोजीरोटी संकटमा परेको थियो। बालुवा संकलन बन्द हुँदा राईगाउँका दर्जनौं मजदुरको दैनिक आम्दानीको स्रोतसमेत बन्द भएको थियो। मजदुरहरूले आफूहरू ठूला व्यवसायी वा नदीजन्य पदार्थको अवैध कारोबारमा संलग्न नभएको भन्दै आफूहरूको वास्तविक समस्या बुझिदिन स्थानीय सरकारसँग आग्रह गर्दै आएका थिए। वर्षौंदेखि नदी किनारमा हातैले बालुवा निकालेर दैनिक ज्याला कमाउँदै आएको उनीहरूको भनाइ छ।

काम रोकिएपछि घरायसी खर्च, खाद्यान्न, बालबालिकाको शिक्षा तथा स्वास्थ्य उपचारलगायत आधारभूत आवश्यकता पूरा गर्नसमेत समस्या भएको मजदुरहरूले बताएका थिए। उनीहरूले बालुवा संकलन पूर्णरूपमा बन्द गर्नुको सट्टा मजदुरको पहिचान, दर्ता, सुरक्षा मापदण्ड र निश्चित क्षेत्र निर्धारण गरी व्यवस्थित गर्नुपर्ने माग गर्दै आएका थिए।

स्थानीयका संघीय सांसद आशिका तामाङको दबाबपछि त्रिशूली नदीबाट बालुवा निकाल्ने काम रोकिएको थियो। जिल्ला प्रशासन कार्यालय धादिङको निर्देशनमा इलाका प्रहरी कार्यालय गजुरीले नदीबाट बालुवा निकाल्ने काम रोक्न थालेपछि मजदुरहरू समस्यामा परेका थिए।

मजदुरहरूको गुनासोपछि गजुरी गाउँपालिकाका अध्यक्ष गणेशलाल श्रेष्ठको नेतृत्वमा जनप्रतिनिधि, गाउँपालिका प्रहरी तथा इलाका प्रहरी कार्यालय गजुरीका प्रतिनिधिबीच छलफल भएको थियो। छलफलमा मजदुरको जीविकोपार्जन, नदीजन्य पदार्थ संकलनसँग जोडिएको कानुनी पक्ष तथा काम गर्दा अपनाउनुपर्ने सुरक्षा सावधानीबारे छलफल गरिएको थियो। गाउँपालिकाको पहलपछि मजदुरहरूले सुरक्षा सामग्री प्रयोग गरेर बालुवा संकलन थालेका छन्। नदीमा काम गर्दा हुन सक्ने जोखिमलाई ध्यानमा राख्दै सावधानी अपनाएर मात्र काम गर्न गाउँपालिकाले मजदुरहरूलाई आग्रह गरेको छ।

बिहीबार गजुरी गाउँपालिका-५ बाँगेमा मजदुरहरूसँग भेटघाट गर्दै सांसद आशिका तामाङले पनि आफ्नो सुरक्षामा आफैं सचेत भएर सावधानीपूर्वक बालुवा निकाल्न आग्रह गरिन्। उनले मजदुरहरूको वास्तविक समस्या बुझेर सुरक्षित रूपमा काम गर्ने वातावरण बनाउनुपर्नेमा जोड दिइन्।

मजदुरहरूसँगको कुराकानीका क्रममा सांसद तामाङले काम गर्ने क्रममा मदिरा सेवन नगर्नसमेत सचेत गराइन्। नदीमा बालुवा निकाल्दा मदिरा सेवन गरे दुर्घटनाको जोखिम बढ्ने भएकाले त्यसबाट टाढा रहन उनले आग्रह गरिन्।

स्थानीयका अनुसार गजुरी-५ राईगाउँका करिब १७० घरधुरीसहित बाहिरी जिल्लाबाट आएका सयौं मजदुरसमेत बालुवा संकलनमा निर्भर रहँदै आएका छन्। बालुवा निकाल्ने काम रोकिएपछि दैनिक खर्च धान्नसमेत समस्या भएको मजदुरहरूले बताएका छन्।

मजदुरहरूले वैकल्पिक रोजगारी वा राहतको व्यवस्था गर्न माग गर्दै आएका थिए । गाउँपालिकाले तत्कालका लागि मजदुरको रोजीरोटीलाई ध्यानमा राख्दै श्रममूलक काममा सहभागी गराउने तथा समस्या समाधानका लागि पहल गर्ने जनाएको छ।

सांसद तामाङले भने वर्षायाममा नदीबाट बालुवा निकाल्दा मजदुरको ज्यान जोखिममा पर्ने भएकाले बालुवा संकलनमा रोक लगाइएको बताएकी छन्। उनका अनुसार धादिङ क्षेत्र नम्बर-१ का स्थानीय मजदुरलाई स्थानीय सरकारको मातहत तथा प्रहरी प्रशासनको निगरानीमा बिहान ६ बजेदेखि बेलुका ६ बजेसम्म बालुवा संकलन गर्न दिने विषयमा समेत व्यवस्था गरिएको छ।

## एनएमबि बैंक लिमिटेड बबरमहल, काठमाडौंको तपसिलको ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतीस) दिने सूचना

(प्रकाशित मिति: २०८३।०४।२९ को अन्नपूर्ण पोस्ट् राष्ट्रिय दैनिक)

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जाको तोकिएको समयावधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरु तिर्न बुझाउनका लागि पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरुको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी तपाई ऋणीहरुले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता भुक्तान गर्नुहोला । उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा प्रचलित कानून तथा ऋणी र यस बैंकबीच भएको लिखतको शर्त अनुसार ऋणीको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने तथा धितोमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु लिलाम बिक्री गरी यस बैंकको लेना रकम असूल उपर गरिनेछ । कथंकदाचित लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असूल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानून बमोजिम अन्य कानूनी कारवाहीहरुको प्रकृया थालनी गरिने व्यहोरा समेत सम्बन्धित ऋणी, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो जमानी दिनु हुने महानुभावहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं ।

तपसिल

ऋणी, कर्जा शिर्षक, व्यक्तिगत जमानतकर्ताहरु र धितो लेखिदिएको सम्पत्तिको विवरण:

**१. ऋणीको नामः एराइज ईन्टरनेशनल प्रा.लि.** **कर्जा शिर्षकः** क्यास क्रेडिट, आवधिक कर्जा र अपरिवर्त्य प्रतितपत्र
(नेपाल सरकार, उद्योग मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाडौंमा दर्ता रहेको), दर्ता नं.: १२३३८९/७०/०७१, दर्ता मितिः २०७१/०२/२६, स्थायी लेखा नं.: ६०१८८३९३४, ठेगानाः काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं. ४ ।

**संचालक तथा व्यक्तिगत जमानतकर्ताहरुः**

**क. डिल्ली केशर गुरुङ्गः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३४४६-१३७३-६-४०२९(२०४६/०२/३२/काठमाडौं), बाजेको नामः मेहरमान गुरुङ्ग, बाबुको नामः भरस बहादुर गुरुङ्ग, ठेगानाः खोटाङ्ग जिल्ला, रावा बेसी गा.पा., वडा नं. ४ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं. ४, प्रगतिटोल ।

**ख. ननिता थापाः** ना.प्र.प.नं (जारी मिति/स्थान): १७३६८/३१४६५(२०४६/०३/१५/काठमाडौं), बाबुको नामः गोबिन्द बहादुर थापा, ससुराको नामः भरस बहादुर गुरुङ्ग, पतिको नामः डिल्ली केशर गुरुङ्ग, ठेगानाः काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं. ७ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं. ४, प्रगतिटोल ।

**व्यक्तिगत जमानतकर्ताः**

**आदित्य गुरुङ्गः** ना.प्र.प.नं (जारी मिति/स्थान): २७-०१-७८-०९४४२(२०७८/०९/११/काठमाडौं), बाजेको नामः भरस बहादुर गुरुङ्ग, बाबुको नामः डिल्ली केशर गुरुङ्ग, ठेगानाः काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं. ४, प्रगतिटोल ।

**संस्थागत जमानतकर्ताः**

**अवसर रियल स्टेट प्रा.लि.:** (नेपाल सरकार, उद्योग मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाडौंमा दर्ता रहेको), दर्ता नं.: १४५४४५/०७२/०७३, दर्ता मितिः २०७२/११/०९, स्थायी लेखा नं.: ६०४७२११०३, ठेगानाः काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं. ४ ।

**धितो लेखिदिएको सम्पत्तिहरुको विवरणः**

**क.** मेहरमान गुरुङ्गको नाति, भरस बहादुर गुरुङ्गको छोरा, खोटाङ्ग जिल्ला, रावा बेसी गा.पा., वडा नं. ४ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं. ४, प्रगतिटोल बस्ने **डिल्ली केशर गुरुङ्ग**को नाममा मालपोत कार्यालय काभ्रेपलान्चोकको लगतमा दर्ता श्रेष्ता कायम रहेको काभ्रेपलान्चोक जिल्ला, फुलबारी गा.बि.स./न.पा., वडा नं./नक्सा सिट नं. ५ स्थित कि.न. ४२५९, ४२५३, ४२६१, ४२६०, ४२५८, ४२६३ र ४२६२ को क्षेत्रफल क्रमशः ०-४-०-०, ०-१२-१-०, ०-११-३-१, ०-४-१-०, ०-१-२-०, ०-६-३-२ र ०-९-३-२ रोपनीको जग्गाहरू र उक्त जग्गाहरुमा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**ख.** मेहरमान गुरुङ्गको नाति, भरस बहादुर गुरुङ्गको छोरा, खोटाङ्ग जिल्ला, रावा बेसी गा.पा., वडा नं. ४ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं. ४, प्रगतिटोल बस्ने **डिल्ली केशर गुरुङ्ग**को नाममा मालपोत कार्यालय भक्तपुरको लगतमा दर्ता श्रेष्ता कायम रहेको भक्तपुर जिल्ला, मध्यपुर ठिमी न.पा., वडा नं. ४, नक्सा सिट नं. १०२११९००७ स्थित कि.न. २१७, २१९, २२४ र २२२ को क्षेत्रफल क्रमशः ५७.६६, ८९.७१, ८.२८ र ९.७७ व.मि. (साविक भक्तपुर जिल्ला, सिद्धिगणेश गा.वि.स./न.पा., वडा नं./नक्सा सिट नं. ८ स्थित कि.न. ७५५ र ८०२ को क्षेत्रफल क्रमशः ०-३-२-२ र ०-२-१-३ रोपनी) को जग्गाहरू र उक्त जग्गाहरुमा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**ग.** गोबिन्द बहादुर थापाको छोरी, भरस बहादुर गुरुङ्गको बुहारी, डिल्ली केशर गुरुङ्गको पत्नी, काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं. ७ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं. ४, प्रगतिटोल बस्ने **ननिता थापा**को नाममा मालपोत कार्यालय भक्तपुरको लगतमा दर्ता श्रेष्ता कायम रहेको भक्तपुर जिल्ला, छालिङ्ग गा.बि.स./न.पा., वडा नं./नक्सा सिट नं. ९ स्थित कि.न. ७८४, ७८२ र ७९८ को क्षेत्रफल क्रमशः ०-९-१-२, ०-८-२-२ र ०-९-०-३ रोपनीको जग्गाहरू र उक्त जग्गाहरुमा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**घ.** ऋणीले धनी बैंकको नाममा हाईपोथिकेशन अन्तर्गत धितो सुरक्षण स्वरूप लेखिदिएको ऋणीको स्वामित्वमा रहेका सम्पूर्ण माल सामान/ स्टकहरूको मौज्दातहरू ।

**२. ऋणीको नामः डिल्ली केशर गुरुङ्ग** **कर्जा शिर्षकः** शैक्षिक कर्जा
ना.प्र.प.नं (जारी मिति/स्थान): ३४४६-१३७३-६-४०२९(२०४६/०२/३२/काठमाडौं), बाजेको नामः मेहरमान गुरुङ्ग, बाबुको नामः भरस बहादुर गुरुङ्ग, ठेगानाः खोटाङ्ग जिल्ला, रावा बेसी गा.पा., वडा नं. ४ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं. ४, प्रगतिटोल ।

**व्यक्तिगत जमानतकर्ताहरूः**

**क. ननिता थापाः** ना.प्र.प.नं (जारी मिति/स्थान): १७३६८/३१४६५(२०४६/०३/१५/काठमाडौं), बाबुको नामः गोबिन्द बहादुर थापा, ससुराको नामः भरस बहादुर गुरुङ्ग, पतिको नामः डिल्ली केशर गुरुङ्ग, ठेगानाः काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं. ७ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं. ४, प्रगतिटोल ।

**ख. आदित्य गुरुङ्गः** ना.प्र.प.नं (जारी मिति/स्थान): २७-०१-७८-०९४४२(२०७८/०९/११/काठमाडौं), बाजेको नामः भरस बहादुर गुरुङ्ग, बाबुको नामः डिल्ली केशर गुरुङ्ग, ठेगानाः काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं. ४, प्रगतिटोल ।

**धितो लेखिदिएको सम्पत्तिहरुको विवरणः**

मेहरमान गुरुङ्गको नाति, भरस बहादुर गुरुङ्गको छोरा, खोटाङ्ग जिल्ला, रावा बेसी गा.पा., वडा नं. ४ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं. ४, प्रगतिटोल बस्ने **डिल्ली केशर गुरुङ्ग**को नाममा मालपोत कार्यालय भक्तपुरको लगतमा दर्ता श्रेष्ता कायम रहेको भक्तपुर जिल्ला, दुवाकोट गा.बि.स./न.पा., वडा नं. ७, नक्सा सिट नं. ७ ग स्थित कि.न. ४७९, १०२ र ४१२ को क्षेत्रफल क्रमशः ०-२-२-०, ०-१-०-० र ०-४-०-२ रोपनीको जग्गाहरू र उक्त जग्गाहरुमा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

NMB BANK
एनएमबि बैंक
समृद्ध नेपालको लागि
A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands
Member of: Global Alliance for Banking on Values

**एनएमबि बैंक लिमिटेड**
कर्जा असूली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

सम्पादकीय

# एयरलाइन्समा समानताको प्रश्न र राज्यको दायित्व

लोकतन्त्रमा कानुनका सामु सबै समान भनेरमात्रै हुँदैन, कानुनी व्यवस्था नै न्यायोचित हुनुपर्छ। र, त्यो व्यवहारमा देखिनु पर्छ। त्यसैले भनिन्छ, कानुनद्वारा शासन गर्ने होइन, कानुनी शासन हुनुपर्छ। अर्थात् सबैका लागि समान कानुन नै विधिको शासन हो। कसैका लागि कुनै विशेषाधिकार र कसैलाई असमानता हुने गरी कानुन पनि बनाइनु हुँदैन भन्ने हो। यो प्रसंग नेपाल वायुसेवा निगमका हकमा सान्दर्भिक किन छ भने एउटै संस्थामा त्यहाँ कसैको अवकाश उमेर ४५ त कसैको ६५ सम्म छ। क्याबिन क्रु अर्थात् एयर होस्टेसहरूलाई कुनै दफामा ४५ र कुनैमा ५० वर्ष उमेर हद भनेर कर्मचारी विनियमावलीमा लेखिएको छ। संस्थाको विनियमावलीमा त्यस्तै व्यवस्था भएको भन्दै हालै विमान परिचारिकाहरू अन्याय र भेदभावपूर्ण व्यवस्था र व्यवहारको विरोधमा उत्रिएका छन्।

कुनै बेला तत्कालीन शाही नेपाल वायुसेवा निगममा परिचारिकाहरूको सेवा अवधि १० वर्ष वा उमेर ३० वर्ष अवकाशको सीमा थियो। तर पुरुषका लागि भने उमेरहद बढी थियो। ५८ वर्ष थियो। त्यो अन्यायपूर्ण व्यवस्था विरुद्ध परेको रिटमा २०५२ सालमै सर्वोच्च अदालतको पूर्ण इजलासले अवकाशको उमेर हद महिला र पुरुषलाई समान हुने भन्दै विभेदकारी नियम रद्दको फैसला गरेको थियो। हिजो रीना वज्राचार्यले त्यस्तो विभेदका विरुद्ध मुद्दा लड्दा आज पनि उस्तै प्रकारको नियति भोगेर अरू धेरै कर्मचारी न्यायको लडाइँमा उत्रिएका छन्। प्रश्न भने समान छ। समान प्रश्न भएको मुद्दामा फैसला स्थिरताको सिद्धान्तअनुसार सर्वोच्चको उही नजिर आकर्षित हुनुपर्छ। विभेदकारी नियमावली रद्द हुनुपर्छ। नेपाल एयरलाइन्स र नागरिक उड्डयन मन्त्रालयले नियमावलीको उदार र न्यायिक अर्थ लगाई समानता कायम गर्न सक्छ।

तानाशाही शासन भएका मध्यपूर्वका कतिपय देशमा विमान परिचारिकाहरूको अवकाश उमेर हद थोरै भए पनि विकसित र पश्चिमा देशहरूमा भने धेरै छ। प्रायमा ६०–६५ वर्ष छ। अमेरिकाको निजी वायुसेवा कम्पनीहरूले त सकिन्जेल काम गर्न दिएका उदाहरण छन्। त्यसैले त अमेरिकन एयरलायन्सबाट सन् २०२४ मा अवकाश लिएकी बेटे नास ८५ वर्षकी थिइन्, जसले वायुसेवामा ६५ वर्ष सेवा गर्न पाइन्। तर हामीकहाँ भने सक्रियतालाई भन्दा उमेरलाई अवकाशको सीमा बनाइएको छ। निगम भने त्यही संस्था हो, जहाँ भर्खरै सरकारले उमेरले पाको व्यक्तिलाई कार्यकारी अध्यक्षको जिम्मेवारी सुम्पिएको छ। व्यक्तिको स्वास्थ्य र सक्रियताले साथ दिन्छ भने कुनै पनि जिम्मेवारी निर्वाह गर्न उमेर बाधक हुँदैन र हुनु हुँदैन भन्ने त सरकारको नीति देखिन्छ। तर कर्मचारीका हकमा भने त्यसो नगर्नु भनेको सरकारले दोहोरो मापदण्ड र चरित्र राख्नु हो।

अहिले क्याबिन क्रुका उमेर विवादमा अदालतको आदेश मान्नु निगमको कर्तव्य हो। हाल दुई जना वरिष्ठ विमान परिचारिकाको हकमा श्रम अदालतले यसअघि नै ५० वर्षको उमेर हद तोकी जिम्मेवारीमा फर्काइसकेको अवस्था छ। यो व्यक्तिगत सवाल होइन, रोजगारीमा रहेका नागरिकसँग राज्यले गर्ने व्यवहारको मुद्दा पनि हो, जहाँ संविधान प्रदत्त समानताको हक आकर्षित हुनुपर्छ, कार्यान्वयन हुनुपर्छ। सरकार आफैं निजामती कर्मचारीको अवकाशका सन्दर्भमा पनि ५५ वर्षको उमेर हदको गृहकार्यमा हुँदा हुँदै निगममा खासखास कर्मचारीका लागि मात्रै त्योभन्दा कमको सीमा राख्नु कत्ति पनि तार्किक देखिन्न। निगमको नियमावली भनेको सरकारले समानतामूलक बनाउन सक्छ। त्यसका लागि कुनै आइतबार कुर्नु पर्दैन। संसदीय प्रक्रिया त्यसका लागि चाहिन्न। सजिलैसँग हुने कामका लागि अन्देखा र नजरअन्दाज गर्नु शोभनीय पटक्कै देखिएको छैन। राज्यले खास व्यक्तिलाई हेरेर नीति, नियम बनाउने वा लागू गर्ने होइन, विधिको स्थापना गर्ने र कार्यान्वयन गर्ने हो। निगममा समानता र प्रणाली बसाउन सरकारले बेलैमा विवेक पुऱ्याउनुपर्छ। यसतर्फ निगमको व्यवस्थापकीय नेतृत्व र सरकार खासगरी उड्डयन मन्त्रालयले तत्कालै बाधा अड्काउ फुकाइदिनुपर्छ। वर्षौंको अनुभव बोकेका, राज्यले लाखौं लगानी गरेका कर्मचारीलाई विभेदपूर्ण तरिकाले वा कुनै दाउपेचका कारण अनुदार बनी ४५ वर्षमै घर बस् भन्नु कुनै दृष्टिले उपर्युक्त होइन।

# सांसदका अमर्यादित बोली र जिम्मेवारी

सांसदका कार्यहरू सरकारका होइन, जनताका मानसपटलमा प्रशंसनीय र स्मरणीय हुनुपर्छ।



मन्दिरा अधिकारी

अग्रमत



संसदीय अभ्यास आदर्शमय मूल्य-मान्यता र निष्ठामा आधारित हुनुपर्छ। संसद् राज्यका निम्ति नीति-कानुन निर्माणको थलो हुँदा सांसदहरूबाट प्रदर्शित बोली-व्यवहार नागरिकले ग्रहणयोग्य हुनुपर्छ। त्यसविपरीत सांसदका भद्दा बोली प्रयोगको दृश्य छरपस्ट हुँदै गर्दा संसदीय अभ्यासलाई नै संकटमा पार्ने हुन् कि भन्ने आशंका बढेको छ। प्रतिनिधिसभा सार्वजनिक लेखा समितिमा यही बुधबार सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद खगेन्द्र सुनार र प्रहरी महानिरीक्षक दानबहादुर कार्कीबीचको नोकझोक यतिखेर टीकाटिप्पणीका निम्ति 'मसला' बनेको छ।

समिति सदस्य सुनारका बोली सुनियो, 'हामी पढेर लेखेर आएको सांसद' हौं। उनको तिखो बोली र भद्दा व्यवहारको प्रतिवादमा प्रहरी महानिरीक्षक दानबहादुर कार्कीको कडा टिप्पणी आयो, 'आजसम्म निष्ठापूर्वक काम गरेको मान्छेलाई यहाँ ल्याएर जे मन लाग्यो त्यही भन्या छ। जे मन लाग्यो त्यही भन्ने स्थान त होइन होला। कुनै पनि ठाउँको सामान्य मर्यादा त हुन्छ होला नि, 'नेमिङ, सेमिङ, ब्लेमिङ, गेमिङ' गर्न हामीलाई पनि आउँछ। यो धर्तीमा सबैभन्दा काम नलाग्ने मान्छे हामी नै रहेछौं कि जस्तो लाग्यो।' त्यसपछि सांसदहरू र समितिका सभापतिबीच नै आरोप-प्रत्यारोप केहीबेर चल्यो। समिति सभापतिसँगै जंगिँदै सांसद सुनार बाहिरिएको दृश्य आम नागरिकले देखे। कानुन निर्माता सांसदहरू र कानुन कार्यान्वयनकर्ताबीच अस्वाभाविक र आक्रोशित प्रस्तुतिका घटनाले पदीय शोभा बढाएको छैन।

कुनै पनि व्यक्तिविरुद्ध कुनै निकायमा उजुरी पर्नासाथ कोही पनि कसुरदार मानिँदैनन्। त्यस्ता उजुरी परीक्षण गर्दा सप्रमाण भेटिएमा मात्र पुष्टि हुन्छ। अझ कसैलाई अभियोग लगाउन त अदालतबाटै प्रमाणित हुनुपर्छ। कानुन निर्माता सांसदहरूलाई यसबारे जानकारी नभएको पक्कै होइन होला। सांसदमात्र होइन, अझ आश्चर्यजनक शैलीमा उपसभामुख रुबीकुमारी ठाकुरको सामाजिक सञ्जाल पोस्ट पनि टिप्पणीकै विषय बनेको छ। पत्रकार किशोर श्रेष्ठ पक्राउ परेपछि उपसभामुखको कुर्सीमा आसीन ठाकुरको 'राक्षस' शब्द प्रयोगको पोस्टले 'पदीय मर्यादा'माथि प्रश्न उब्जाएको छ। यस्ता खाले दृश्य बाक्लिँदै गयो भने संसदीय व्यवस्थाप्रति धब्बा लाग्नेछ भने सांसदको मर्यादा पनि बाँकी रहने छैन।

सांसदहरू कहिले विमानस्थलमा कर्मचारी थर्काउन पुग्छन् त कहिले अख्तियार दुरुपयोग अनुसन्धान आयोगका काममै हस्तक्षेप गर्न पुग्छन्। तिनका रवैयासँगै आममानिसमा प्रश्न उब्जँदै छ, 'हामी कस्ता व्यक्तिबाट शासित हुँदै छौं?' नागरिकका भावनाको प्रतिनिधित्व गरी संसद्मा बोल्ने र प्रश्न गर्ने दायित्वमा सांसदहरू हुनुपर्छ। जनप्रतिनिधिहरू कर्मचारी र उद्योगी-व्यवसायीहरूलाई तर्साउने र थर्काउने कर्म गर्न मत दिएर पठाइएका होइनन्। यतिखेर मञ्चित परिदृश्य हेर्दा संसदीय विशेषाधिकारको दुरुपयोग बढ्दै गएको आभास हुँदैछ। सांसदले विशेषाधिकार प्रयोग गर्दै गर्दा आरोप, चरित्रहत्या वा व्यक्तिगत बदनाम गर्ने माध्यम बनाइनु हुँदैन।

सरकारी निकायका जिम्मेवार पदाधिकारी/अधिकारीहरूलाई तर्साउँदै, थर्काउँदै हिँड्ने र दोहोरो कुरा नै नसुनी सिधै आरोप-प्रत्यारोपमा उत्रने कर्म सांसदलाई पटक्कै सुहाउँदैन। पद बाहिर रहँदा कुनै स्थान र सामाजिक सञ्जालमा जे/जस्तो रवैया देखाए पनि 'माननीय' भएपछि पदीय इज्जत र मर्यादा हुने गरी बोली र व्यवहार गर्नैपर्छ। झन् 'जान्नेलाई छान्ने' मतमा निर्वाचित सांसदहरूका हरेक क्रियाकलाप र भनाइहरू, मतदाताले सघन रूपमा नियालिरहेका छन्। संसद् र संसदीय समितिमा आफ्ना तर्क र तथ्ययुक्त भनाइ राख्ने हो। मर्यादित रूपमा स्वस्थ बहस गरी निचोडमा पुग्ने थलोलाई दुरुपयोग गरियो भने मतदाताले आउँदा चुनावमा बदला लिन्छन् नै।

सबै सांसद खराब हुँदैछन्, यस्तै बोल्छन् भन्न खोजिएको होइन। तर संसदीय संस्कारको अभाव चाहिँ खटकँदै छ। पदीय मर्यादा कायम गरेर धैर्यपूर्वक बोल्ने, सुन्ने र जवाफ दिने सहनशक्ति हरेक माननीयमा हुनुपर्छ। किनभने पदले मात्र मान बढ्दैन, मान बढाउन बोली र व्यवहार प्रत्येक सांसदमा सभ्य हुनैपर्छ। अर्थात् सांसदले सम्मान गरे मात्र तिनको पनि सम्मान हुन्छ। यति भन्दै गर्दा सबै सांसदका आचरण र व्यवहारमा प्रश्न उठेको छ भन्न मिल्दैन। प्रतिपक्षको भूमिकामा भएका र सत्तापक्षमै रहेका सांसदहरूले नम्र र मिठासपूर्वक जनताका आवाजलाई संसद्मा राखिरहेका छन्, जसको अभिव्यक्ति र व्यवहारले परिपक्व सांसद भएको झल्को दिन्छ।

प्रधानमन्त्री वालेन्द्र शाहले जम्माजम्मी एकपटक जेठमा संसदीय प्रश्नोत्तरमा सहभागी भए, सीमाका विषयमा उनले दिएको जवाफले तरंग सिर्जना गऱ्यो। त्यसमा प्रधानमन्त्रीसँग निरन्तर स्पष्टीकरण मागियो, तर जवाफ दिनुपर्छ भन्ने सोच प्रधानमन्त्रीसँग पलाएको देखिँदैन। संसद् 'लाइभ'मा छ, त्यहाँभित्रका हरेक काम-कारबाही नागरिकले प्रत्यक्ष देख्न पाएका छन्। जेठमै प्रतिनिधिसभा नियमावली पारित गर्दै गर्दा प्रतिपक्षी सांसदहरू विरोधमा उत्रिए। सभामुखले जबरजस्ती नियमावली पारित गराउन खोज्दा सदनमा धकेलाधकेल तथा सभामुखमाथि समेत आक्रोशपूर्ण व्यवहारका घटना भए। संविधानका प्रावधानविपरीत प्रतिनिधिसभा नियमावली-२०८३ बनेको जिकिरसहित विपक्षीहरूले संशोधन चाहेका थिए। विपक्षी दलहरूले नियमावलीका दफामा थप छलफल गर्न समितिमा पठाउनुपर्ने माग गरेका थिए। तर, सभामुखले दफाबार छलफल भइसकेको भन्दै प्रक्रिया अगाडि बढाए।

त्यसपछि विपक्षी सांसदहरू बेलमा पुगे, नाराबाजी गरे र स्थिति धकेलाधकेलसम्म पुग्यो। बेल घेराउ हुँदै गर्दा अमर्यादित तथा उत्तेजक शब्द प्रयोग भए। केही सांसद सभामुखकै टेबुलमाथि चढ्न खोजे। टेबल तथा कुर्सीमा चढ्ने गतिविधि भयो, संसद्का भौतिक सामग्रीमा क्षति पुगेको देखियो। सदनमा प्रदर्शित ती घटनाले मतदातालाई खिन्न तुल्याएको हुनुपर्छ। २०८३ असारमा पनि सांसद राजेन्द्र राई आकस्मिक समयमा बोलिरहेका बेला उनलाई रोकेपछि विवाद उत्पन्न भयो। सभामुखको व्यवहारमाथि प्रश्न उठाउँदै कडा अभिव्यक्ति दिएपछि सभामुखले बैठक १५ मिनेटका लागि स्थगित गरेका थिए।

> धेरै बोल्ने सांसद बन्दैमा सबैभन्दा प्रभावशाली र राम्रो मानिँदैन। सांसदले कति बोलेभन्दा पनि के-कति तथ्यपूर्ण र तर्कसंगत सवाल उठाए र के परिवर्तन गरे-गराए भन्ने आधारमा मूल्यांकन हुन्छ।

राईको अभिव्यक्तिमा सभामुखलाई लक्षित गर्दै 'खुट्टी हेरिसकेको' भन्ने अर्थको भाषा प्रयोग भएको थियो। पछि उक्त अभिव्यक्ति संसदीय रेकर्डबाट हटाइयो र राईले आफू कहिलेकाहीँ आवेशमा आएर बोल्दा समस्या हुने स्वीकार गर्दै संसदीय विधि र थितिको सम्मान गर्ने बताएका थिए।

व्यक्तिगत अभिव्यक्ति र संसदीय मर्यादाबीच धेरै फरक छ। संसद्लाई दिइएको विशेषाधिकार सांसदलाई निरंकुश हुन दिइएको होइन। स्वतन्त्र रूपमा बोल्ने अधिकारसँगै मर्यादा पालना गर्ने दायित्व पनि हुन्छ। तर अमर्यादित व्यवहार गर्ने छुट सांसदलाई छैन। सांसदका मुख्य काम ऐन, नीति-बजेट निर्माण तथा सरकारका काम-कारबाहीमाथि सूक्ष्म मूल्यांकन गर्ने र संसद्मा प्रस्ताव-प्रश्न राख्दै स्वस्थ बहस गर्नु हो। तर, सांसदहरू अनावश्यक टीकाटिप्पणी र वादविवाद गर्ने प्रवृत्तिमै अल्मलिएको देखिन्छ। सरकारसँग प्रश्न गर्ने, नागरिकले भोगेका सबालमा प्रस्तावहरू राख्ने, विधेयकमाथिको संशोधन, समितिमा सक्रियतापूर्वक प्रस्तुत हुने दायित्व पनि सांसदहरूको हुन्छ। संसद्लाई कानुन निर्माण गर्ने, सरकारका खराब कामको खबरदारी गर्ने थलोभन्दा राजनीतिक दबाब प्रदर्शन गर्ने थलो बनाउन खोजिएको भान हुन्छ, जुन अत्यन्तै चिन्ताको विषय हो।

सत्ताधारी दल राष्ट्रिय स्वतन्त्र पार्टीले नवनिर्वाचित सांसदहरूलाई प्रशिक्षण कार्यक्रम त राखेको थियो। सांसदका काम-कारबाही हेर्दा प्रशिक्षण निरर्थक साबित हुँदै छ। रास्वपाले संसद्मा बोल्ने विषय सचेतकबाट पूर्वस्वीकृति लिनुपर्ने अवस्था आउनुको कारण पनि होलान्। प्रतिनिधिसभा राजनीतिक रूपमा धेरै भिन्न छ। केही सांसदले परम्परागत शैलीभन्दा पृथक् तरिकाले प्रश्न गर्ने, तत्काल जवाफ खोज्ने र सार्वजनिक रूपमा जवाफदेही माग्ने शैली अपनाएका छन्। अझ सांसदहरूले काम गर्ने वास्तविक ठाउँ भनेको संसदीय समितिहरू हुन्। सदनमा राजनीतिक भाषण धेरै हुन सक्छ, तर समितिमा दफावार अध्ययन, छलफल, मन्त्रालयको कामको परीक्षण, बजेट खर्चको अनुगमन, विज्ञसँग छलफल र सरकारलाई जवाफदेही बनाउने काम हुनुपर्छ। सम्बन्धित विषयमा विशेषज्ञ बोलाउँदै छलफल गर्ने, मन्त्रालय तथा सरकारी निकायसँग जवाफ माग्ने र विधेयकका दफा-दफा अध्ययन गर्ने अवसर संसदीय समितिमै मिल्छ।

सरकारी खर्च र कार्यसम्पादनको निगरानी तथा सार्वजनिक सरोकारका विषयमा अनुसन्धान गर्ने सम्भावना र सरकारलाई निर्देशन दिने क्षमता यसैबाट राख्न सकिन्छ। सत्ताधारी दल दुई तिहाइ बहुमत नजिकको छ, त्यसकारण संसद् र सरकारमा काम गरेर देखाउने ठूलै अवसर छ। तर सरकारले गर्नैपर्ने कुनै कार्य गरेको र गर्न नहुने कुनै कार्य गरेको सम्बन्धमा प्रश्न उठाउने, खबरदारी गर्ने सांसदहरूलाई घुमाउरो पारामा सत्तापक्षका सांसदहरूबाट धाकधम्कीयुक्त रवैया पनि बढ्दो छ। हिजो सडकमा बसेर तत्कालीन सरकारलाई सत्तोसराप गरेकाहरू नै सरकारविरुद्ध बोल्ने सांसदविरुद्ध मुख थुन्न लालायीत हुनु सुहाउँदैन। सत्तापक्षका सांसदहरू जनताको आवाज र समस्या राख्ने दायित्वतर्फभन्दा सरकारका खराब कामको ढाकछोप र सरकारका जस्तोसुकै कामको पनि बचाउ गर्नेतिर उद्यत् हुँदै गएको देखिन्छ।

बहुमत हुनुको अर्थ विपक्षीको आवाज दबाउने अधिकार छ भन्ने ठान्नु हुँदैन। विपक्षीको बोलीले शासकीय शक्ति सन्तुलित गर्छ, जुन संसदीय लोकतन्त्रको वास्तविक कर्म हो। यद्यपि सत्तापक्षका केही सांसदहरू आफूलाई वास्तविक जनप्रतिनिधिका रूपमा उभ्याउँदै खबरदारी गर्दै छन्, जुन प्रशंसनीय छ। राज्यका निम्ति आवश्यक विषयमा सूक्ष्म रूपमा छलफल गर्नुपर्ने, बहस गर्नुपर्ने नीति र कानुनका विषयहरूको सट्टामा सांसदहरूको ध्यान राजनीतिक असहमति, कडा आलोचना र अमर्यादित व्यवहार गर्नेपट्टि केन्द्रित छ। संसद्मा गणपूरक संख्या नपुगेपछि सरकारी प्रस्ताव स्थगित परेको छ। विधेयक र प्रस्तावहरू प्रस्तुत गर्न आवश्यक गणपूरक संख्या नपुगेपछि ती प्रस्तावहरू पारित हुन सक्दैनन्। सदनमा गणपूरक संख्या नपुगेको घटनासँगै प्रश्न उब्जिएको छ, 'सांसदहरू कहाँ हराउँछन् ?' कति बैठकमा उपस्थित भए, कति तथ्यपरक प्रश्न गरे, विधेयकको अध्ययन गरी कति संशोधन प्रस्ताव गरे, समितिमा अनुसन्धान, प्रश्न र निर्देशन गरी समितिको सक्रियता कति बढाए र तिनले उठाएको विषयवस्तुबाट के-के विषयमा परिवर्तन भयो भन्नेबाट सांसदको गुणस्तर मापन हुन्छ।

धेरै बोल्ने सांसद बन्दैमा सबैभन्दा प्रभावशाली र राम्रो मानिँदैन। सांसदले कति बोलेभन्दा पनि के-कति तथ्यपूर्ण र तर्कसंगत सवाल उठाए र के परिवर्तन गरे-गराए भन्ने आधारमा मूल्यांकन हुन्छ। एक राजनीतिक दलको सदस्य मात्र होइन कि जनताको प्रतिनिधि भएको यथार्थ सांसदले बिर्सनु हुँदैन। किनकि सांसदको कार्यकालपछि फेरि जनतामै फर्किनुपर्छ। किनभने सत्ता र पद कालजयी हुँदैन, स्थिर हुँदैन। अत: सांसदका कार्यहरू सरकारका होइन, जनताका मानसपटलमा प्रशंसनीय र स्मरणीय हुनुपर्छ।

*अधिकारी, अधिवक्ता हुन्।*

# पुस्ता जोड्ने पुल



सरस्वती तिमल्सिना



नेपालको राजनीतिक र सामाजिक बहसमा बारम्बार सुनिन्छ- 'पुराना सबै गलत हुन्, पुराना दल सबै असफल हुन्।' यो भनाइलाई केवल नयाँ पुस्ताको आक्रोश, असन्तुष्टि वा राजनीतिक अपरिपक्वताको परिणाम भनेर बुझ्नु पर्याप्त हुँदैन। यसको गहिराइमा पुग्ने हो भने समस्या पुस्ताबीचको दूरीमात्र होइन, संवादमा पनि समन्वयको अभाव हो।

नयाँ पुस्ता प्रश्न गरिरहेको छ। पुराना मान्यता, संस्था, नेतृत्व र राजनीतिक दलमाथि प्रश्न उठाइरहेको छ। यो स्वाभाविकमात्र होइन, लोकतन्त्रको स्वस्थ लक्षण पनि हो। तर, प्रश्न गर्ने पुस्तालाई विगतको कथा, संघर्ष र बलिदानसँग जोड्ने काम कति प्रभावकारी ढंगले गऱ्यौं ? पुर्खाले प्राप्त गरेको उपलब्धिको मूल्य नयाँ पुस्तालाई कति बुझाउन सक्यौं ? अनि सबैभन्दा महत्त्वपूर्ण प्रश्न- 'हामीले नयाँ पुस्तासँग संवाद गऱ्यौं कि उनीहरूलाई केवल उपदेश दियौं ?'

समस्या यहीँबाट सुरु हुन्छ। इतिहास स्मरणको विषयमात्र होइन, चेतनाको आधार हो २००७ साललाई सम्झौं। शताब्दीयौं पुरानो जहानियाँ राणाशासनको अन्त्य कुनै सामान्य राजनीतिक घटना थिएन। त्यो नागरिक स्वतन्त्रता, प्रजातन्त्र र राजनीतिक अधिकारका लागि भएको लामो संघर्षको परिणाम थियो। त्यस संघर्षमा बीपी कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराईलगायतका नेताको योगदान थियो। चार जना सहिदको बलिदान थियो। अनगिन्ती ज्ञात-अज्ञात मानिसको त्याग र संघर्ष थियो।

तर, आजको नयाँ पुस्ता (जेन जेड)लाई यो इतिहास कसरी सुनाइरहेका छौं ? यदि हामी भन्छौं- 'हामीले यति ठूलो संघर्ष गऱ्यौं, तिमीहरूले त्यसको सम्मान गर्नुपर्छ।' त्यसले संवाद पैदा गर्दैन। नयाँ पुस्ताले उल्टै प्रश्न गर्छ- 'त्यो संघर्षको उपलब्धि आज मेरो जीवनमा कहाँ छ ?' यही प्रश्नको उत्तर दिन सक्नु नै हाम्रो चुनौती हो। इतिहासको महत्त्व केवल पुराना नेताको नाम कण्ठ गराउनुमा छैन। इतिहासको वास्तविक अर्थ त 'आज हामीले उपभोग गरिरहेको अधिकार कहाँबाट आयो ?' भन्ने बुझाउनुमा छ। २००७ सालले राजनीतिक स्वतन्त्रताको ढोका खोल्यो। २०४६ सालको जनआन्दोलनले प्रजातन्त्र पुनर्स्थापित गऱ्यो। त्यसपछि पनि मुलुकले अनेकौं राजनीतिक परिवर्तन देख्यो। ती केवल इतिहासका पानामा लेखिएका घटना होइनन्; आजको हाम्रो नागरिक अधिकार, अभिव्यक्ति स्वतन्त्रता र लोकतान्त्रिक अभ्याससँग जोडिएका आधारहरू हुन्।

२०४६ सालको जनआन्दोलनपछि पञ्चायती व्यवस्थाको अन्त्य गर्दै बहुदलीय लोकतन्त्र पुनर्स्थापित गरियो। त्यसपछि मुलुकले दशकौंसम्म सशस्त्र द्वन्द्वको कठोर अनुभव गऱ्यो। गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा भएको शान्ति प्रक्रियाको व्यवस्थापनले मुलुकलाई गणतन्त्रतर्फ अघि बढ्ने बाटो खोल्यो। त्यसपछि संविधान निर्माण भयो। संविधानको कार्यान्वयनसँगै नेपालले राजनीतिक रूपमा एउटा महत्त्वपूर्ण नयाँ युगमा प्रवेश गऱ्यो। यी सबै उपलब्धि पूर्ण छन् भन्ने दाबी भने गर्न सकिँदैन। उपलब्धिसँगै कमजोरी छन्, गल्ती छन्, विसंगति छन्। तर, गल्ती भएको कारण उपलब्धि नै थिएन भन्नु इतिहासप्रतिको अन्याय हो।

गणतन्त्र केवल राष्ट्रप्रमुख बदलिएको घटना होइन, नेपालको गणतन्त्रलाई बुझ्दा गहिरो सामाजिक परिवर्तनलाई पनि बुझ्न आवश्यक छ। राज्यको सर्वोच्च पदमा जन्मका आधारमा होइन, जनताको मत र संवैधानिक प्रक्रियाबाट पुग्न सकिने व्यवस्था आफैंमा ठूलो परिवर्तन हो। कुनै समय राज्यसत्ताको केन्द्रमा पुग्ने अधिकार निश्चित परिवार र वर्गमा सीमित थियो। आज सामान्य परिवारमा जन्मिएको नागरिक पनि राष्ट्रको सर्वोच्च संवैधानिक पदमा पुग्न सक्ने अवस्था बनेको छ। यो केवल राजनीतिक नियुक्ति वा व्यक्तिको सफलता होइन; यो नेपालको सामाजिक चेतनामा आएको परिवर्तनको प्रतीक हो।

संविधानले समानुपातिक तथा समावेशी व्यवस्थामार्फत राज्यको संरचनामा महिला, दलित, आदिवासी जनजाति, मधेसी, पिछडिएका तथा विभिन्न समुदायको प्रतिनिधित्व सुनिश्चित गर्ने दिशामा महत्त्वपूर्ण ढोका खोल्यो। यसको अर्थ सबै समस्या समाधान भए भन्ने होइन। प्रतिनिधित्व अझै पर्याप्त छैन भन्ने प्रश्न उठ्न सक्छ। समावेशिताको कार्यान्वयनमा विकृति र राजनीतिक भागबन्डाका समस्या देखिन सक्छन्। तर, अधिकारको संवैधानिक मान्यता आफैंमा ऐतिहासिक उपलब्धि हो। हामीले नयाँ पुस्तालाई यही कुरा बुझाउन सक्नुपर्छ।

विकासको कथा पनि राजनीतिक इतिहासकै हिस्सा हो आजको पुस्ताले सडक, विद्यालय, विश्वविद्यालय, अस्पताल, सञ्चार, प्रविधि र सार्वजनिक संस्थालाई स्वाभाविक रूपमा लिन्छ। यो स्वाभाविक पनि हो। नागरिकले राज्यसँग विकास माग्नु उसको अधिकार हो। तर, विकासको यो यात्राको पछाडि लामो राजनीतिक संघर्ष, लोकतान्त्रिक आन्दोलन र संस्थागत परिवर्तनको इतिहास छ।

आजको पुस्ताले प्रश्न गर्नुपर्छ- हामीले के पायौं मात्र होइन, यी अधिकार र अवसर कसरी प्राप्त भए ? लोकतन्त्रले नागरिकलाई केवल मतदान गर्ने अधिकार दिएको होइन; उसलाई राज्यसँग प्रश्न गर्ने, असहमति राख्ने, नेतृत्व परिवर्तन गर्ने र आफ्ना अधिकार दाबी गर्ने आधार पनि दिएको छ। त्यसैले गणतन्त्रको समीक्षा गर्दा यसको कमजोरीमाथि निर्मम प्रश्न गरौं, तर उपलब्धिलाई पनि निष्पक्ष आँखाले हेरौं। इतिहासलाई नकारेर भविष्य निर्माण हुँदैन।

एउटा प्रश्न यो पनि आवश्यक छ- 'के यी संरचनाहरू शून्यबाट बनेका हुन् त ?' गाउँ-गाउँमा पुगेका सडक, विद्यालयको विस्तार, विश्वविद्यालयको स्थापना, स्वास्थ्य संस्थाको विस्तार, सञ्चारको पहुँच र राज्यका विभिन्न सार्वजनिक संरचना राजनीतिक परिवर्तनसँगै विकसित भएका हुन्। हो, विकास पर्याप्त छैन। सडक गुणस्तरीय नहुन सक्छ। विद्यालयको शिक्षा कमजोर हुन सक्छ। विश्वविद्यालय बेरोजगार उत्पादन गर्ने संस्थाजस्तो बन्न सक्छ। अस्पतालमा सेवा नपुग्न सक्छ। भ्रष्टाचार हुन सक्छ। यी सबै प्रश्न जायज छन्। तर, 'अपूर्ण उपलब्धिलाई उपलब्धि नै होइन' भन्नु र उपलब्धिको आलोचना गर्दै त्यसलाई अझ राम्रो बनाउन खोज्नु- यी दुई फरक कुरा हुन्। हामीले नयाँ पुस्तालाई दोस्रो बाटो रोज्न सिकाउनुपर्छ।

> समाधान के हो ? समाधान पुस्ताबीचको टकराव होइन, संवाद हो। नयाँ पुस्ताले पुरानो पुस्तालाई इतिहासको सम्मानसहित प्रश्न गर्नुपर्छ भने पुरानो पुस्ताले नयाँ पुस्ताका प्रश्नलाई लोकतन्त्रको स्वाभाविक अभ्यासका रूपमा लिनुपर्छ।

नयाँ पुस्ता गलत होइन, प्रश्न गर्ने शैली नयाँ हो नयाँ पुस्तालाई 'इतिहास नबुझेको' भनेर खारेज गर्नु सजिलो छ। तर, त्यसो गर्नु समस्याको समाधान होइन। नयाँ पुस्ताले पुराना दललाई प्रश्न गर्छ। किन नगर्ने ? उसले रोजगारी खोज्छ। गुणस्तरीय शिक्षा खोज्छ। भ्रष्टाचारको अन्त्य खोज्छ। पारदर्शिता खोज्छ। नेताको भाषणभन्दा परिणाम हेर्न चाहन्छ। उसलाई वंश, गुट र पहुँचको राजनीति मन पर्दैन। उसले डिजिटल संसारमा विश्वका लोकतन्त्र, अर्थतन्त्र र शासन प्रणालीसँग आफ्नो देशलाई तुलना गर्छ। यसलाई केवल 'पुस्ताको विद्रोह' भनेर बुझ्नु गलत हुन्छ। यो बदलिएको नागरिक चेतना हो। तर, यहाँ अर्को पक्ष पनि उत्तिकै महत्त्वपूर्ण छ। नयाँ पुस्ताले पुरानो पुस्ताको योगदान नबुझ्नु पनि समस्यामुक्त अवस्था होइन। किनभने कुनै पनि समाज वर्तमानबाट सुरु हुँदैन। आजको स्वतन्त्रता हिजोको संघर्षबाट आएको हो। आजको संविधान अघिल्लो पुस्ताको राजनीतिक संघर्षको परिणाम हो। आजको समावेशी अधिकार विगतका आन्दोलन, बहस र बलिदानको परिणाम हो। आज सामान्य लाग्ने अधिकार कुनै समय असम्भव जस्तै थिए। त्यसैले नयाँ पुस्ताले प्रश्न गर्नुपर्छ, तर इतिहास बुझेर प्रश्न गर्नुपर्छ।

पुरानो पुस्ताले इतिहास सुनाउनुपर्छ, तर आफ्नो योगदानको प्रमाणपत्र आफैंलाई बाँडेर बस्नु हुँदैन। पुरानो पुस्ताले पनि आत्मसमीक्षा गर्नुपर्छ। यही संवादबाट पुस्ताबीचको दूरी घट्न सक्छ। नयाँ पुस्तालाई विगतको सम्मान गर्न आग्रह गर्ने हो भने पुरानो पुस्ताले पनि वर्तमानका प्रश्न स्वीकार गर्न सक्नुपर्छ। भन्न सकेनौं- 'हामीले लोकतन्त्र ल्यायौं, त्यसैले अब हामीमाथि प्रश्न गर्न पाइँदैन।' पुरानो पुस्ताले लोकतन्त्रका लागि संघर्ष गरेको हो भने नयाँ पुस्ताको प्रश्नबाट डराउनुपर्ने कारण छैन। बरु भन्न सक्नुपर्छ- 'हो, हामीले केही महत्त्वपूर्ण काम गऱ्यौं, तर हामीबाट गल्ती पनि भए। अब तिमीहरूले हामीले गर्न नसकेका काम गर।' यही वाक्यले पुस्ताबीचको दूरी घटाउँछ। किनभने नयाँ पुस्तालाई उपदेश होइन, विश्वास चाहिएको छ।

**निष्कर्ष** : राजनीतिक दलहरूले इतिहासको ऋण वर्तमानमा तिर्नुपर्छ। आज पुराना राजनीतिक दलमाथि गम्भीर प्रश्न उठिरहेका छन्। ती प्रश्नलाई केवल विरोधीको षड्यन्त्र वा नयाँ पुस्ताको भ्रम भनेर पन्छाउनु बुद्धिमानी होइन। राजनीतिक दल इतिहासका संग्रहालयका वस्तु होइनन्। दलहरू वर्तमानमा जनताको जीवन परिवर्तन गर्ने जीवित संस्था हुन्। हिजो लोकतन्त्रका लागि संघर्ष गरेको दलले आज लोकतन्त्रभित्र पारदर्शिता, आन्तरिक लोकतन्त्र, सुशासन र जवाफदेहिता देखाउन सकेन भने उसले आफ्नो इतिहासको गौरवमात्र सुनाएर वर्तमानको विश्वास प्राप्त गर्न सक्दैन।

अब प्रश्न छ- समाधान के हो ? समाधान पुस्ताबीचको टकराव होइन, संवाद हो। नयाँ पुस्ताले पुरानो पुस्तालाई इतिहासको सम्मानसहित प्रश्न गर्नुपर्छ भने पुरानो पुस्ताले नयाँ पुस्ताका प्रश्नलाई असम्मान होइन, लोकतन्त्रको स्वाभाविक अभ्यासका रूपमा लिनुपर्छ। राजनीतिक दलहरूले पनि इतिहासको ऋण वर्तमानमा तिर्नुपर्छ। जनताको विश्वास भाषणबाट होइन, व्यवहारबाट मात्र फर्किन्छ।

# 'सांसद सुनारको अभिव्यक्ति शिष्टाचारविपरीत'



**काठमाडौं** (अन्नपूर्ण): सार्वजनिक लेखा समितिको बैठकमा प्रतिनिधिसभा सदस्य खगेन्द्र सुनारले नेपाल प्रहरी र प्रहरी नेतृत्वविरुद्ध दिएको अभिव्यक्ति शिष्टाचारविपरीत भएको भन्दै पूर्वप्रहरी संगठन प्रमुख मञ्चले आपत्ति जनाएको छ।

गत साउन २७ गते पोसाक खरिदसम्बन्धी छलफलका क्रममा सांसद सुनारले व्यक्त गरेका विचार संसदीय मर्यादा, पदीय गरिमा र शिष्टाचारविपरीत रहेको ठहर गर्दै मञ्चले उनको अभिव्यक्तिप्रति खेद प्रकट गरेको छ।

मञ्चका संयोजक एवं पूर्वप्रहरी महानिरीक्षक मोतीलाल बोहराद्वारा जारी विज्ञप्तिमा प्रहरी महानिरीक्षक दानबहादुर कार्की र समग्र संगठनमाथि तथ्यहीन, अपमानजनक तथा नकारात्मक भाष्य निर्माण गर्ने प्रयास गरिएको उल्लेख छ।

मिनी पार्लियामेन्टका रूपमा रहेका संसदीय समितिहरूमा जनसरोकारका विषयमा बहस हुनु स्वाभाविक भए पनि जिम्मेवार सांसदबाटै सुरक्षा निकायको नेतृत्वमाथि पूर्वाग्रही र व्यक्ति लक्षित टीकाटिप्पणी हुनु न्यायसंगत हुन नसक्ने विज्ञप्तिमा जनाइएको छ। लोकतान्त्रिक संस्थाहरूलाई बलियो बनाउन सभ्य र मर्यादित भाषाशैली आवश्यक हुने बताउँदै मञ्चले सांसद सुनारलाई आफ्नो व्यवहारमा सुधार गर्न आग्रह गरेको छ। स्थापित कानुनी प्रक्रिया र व्यावसायिक निष्ठाका आधारमा चयन हुने प्रहरी नेतृत्वको साख गिराउने काम नगर्न चेतावनी दिँदै मञ्चले पदीय गाम्भीर्य मनन् गरी यस्ता मनोगत अभिव्यक्तिहरू नदोहोऱ्याउनसमेत सांसद सुनारको ध्यानाकर्षण गराएको छ।

# सुनारको अभिव्यक्तिप्रति पूर्वप्रहरी अधिकारीको आपत्ति



**काठमाडौं** (अन्नपूर्ण) : सार्वजनिक लेखा समितिमा सत्तापक्षकै सांसदहरूले प्रहरीमाथि अमर्यादित रूपमा प्रस्तुत भएको आरोप लागेको छ। संसदीय मर्यादा विपरीत सत्तापक्षका सांसदहरूले प्रहरी अधिकारीहरूको हुर्मत लिन खोजेको आरोप लगाइएको छ।

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले उक्त विषयमा गम्भीर आपत्ति जनाएको छ। कांग्रेसले उन्नत लोकतन्त्रका मूल्य-मान्यताविपरीत सत्तापक्षका सांसदहरूलाई आफ्नो आचरण र मर्यादामा रहन आग्रह गरेको प्रवक्ता देवराज चालिसेले जानकारी दिए।

त्यस्तै, प्रहरीका पूर्वआईजीपीसहित उच्च अधिकारीहरूले पनि सांसदहरूको अभिव्यक्तिप्रति आपत्ति जनाएका छन्। निवर्तमान आईजीपीसमेत रहेका चन्द्रकुवेर खापुङले आपराधिक भ्रमबाट मुक्त हुन जरुरी रहेको उल्लेख गरेका छन्। उनले भनेका छन्, 'प्रहरी कमजोर भयो भने म पो बलियो हुन्छु कि ? भन्ने आपराधिक भ्रमबाट हामी सबै मुक्त हुन जरुरी छ।'

त्यस्तै, पूर्वडीआईजी नवराज सिलवालले संसदीय समितिमा देखिएको चित्र अमर्यादित र दुःखद् रहेको उल्लेख गरेका छन्। उनले प्रहरी प्रमुख व्यक्तिभन्दा पनि संगठन मानिने र उसले मानवीय भावनाभन्दा माथि उठेर निर्णय गर्ने गरेको बताए।

'नेपाल प्रहरीको प्रमुखलाई व्यक्तिभन्दा पनि एउटा 'इन्स्टिच्युसन' मानिन्छ। उसले 'ह्युमन' इमोसन'भन्दा माथि उठेर निर्णय गर्छ भन्ने मान्यता राखिन्छ। संसद्का निश्चित मर्यादाहरू हुन्छन्। संसदीय समितिमा देखिएको चित्र अमर्यादित र दुःखद् छ,' उनले भनेका छन्।

त्यस्तै, पूर्वडीआईजी रमेश खरेलले संसदीय निगरानीका नाममा प्रहरी तथा प्रशासनिक निकायमाथि अनावश्यक दबाब सिर्जना गर्ने र अनुसन्धान पूरा नहुँदै व्यक्तिलाई दोषीझैं प्रस्तुत गर्ने कार्यशैलीप्रति आपत्ति जनाएका छन्।

खरेलले सामाजिक सञ्जालमार्फत प्रतिक्रिया दिँदै कहिले रातारात सिन्धुली पुगेर प्रहरी उपरीक्षकलाई कार्यालयबाटै नियन्त्रणमा लिएर घिसारेर काठमाडौं ल्याउने चेतावनी दिने, त कहिले बेनामे उजुरीकै आधारमा गृहसचिव, प्रहरी महानिरीक्षक (आईजीपी) र अतिरिक्त प्रहरी महानिरीक्षक (एआईजी)लाई संसदीय समितिमा बोलाएर प्रमाणअघि नै दोषीझैं प्रस्तुत गर्ने प्रवृत्ति देखिएको बताएका छन्। अनुसन्धान नसकिँदै बर्खास्त गर्नुपर्ने सार्वजनिक अभिव्यक्ति दिने तथा कानुनी प्रक्रियालाई गौण ठान्ने शैलीले संसदीय निगरानीभन्दा बढी संस्थामाथिको दबाब र सस्तो लोकप्रियताको खोजी झल्काउने उनको भनाइ छ। 'यस्ता सांसदका लागि लोकप्रियता र समाचारको शीर्षक बन्नु आवश्यक होला, तर प्रहरी र कर्मचारी प्रशासनका लागि मनोबल नै सबैथोक हो,' खरेलले भनेका छन्।

उनले निष्ठापूर्वक देश र जनताको सेवामा खटिएका प्रहरी तथा प्रशासनका कर्मचारीलाई प्रोत्साहन गर्नुको साटो उनीहरूप्रति सार्वजनिक रूपमा अमर्यादित व्यवहार गर्ने प्रवृत्तिमाथि प्रश्न उठाएका छन्। देशका विभिन्न ठाउँमा कठिन परिस्थितिमा प्रहरीहरूले सेवा गरिरहेको वास्तविकताबारे सामान्य जानकारीसमेत नराखी प्रहरी नेतृत्वमाथि तथानाम टिप्पणी गर्नु अक्षम्य भएको उनले बताएका छन्।



## गणपति लघुवित्त वित्तीय संस्था लि.
## Ganapati Laghubitta Bittiya Sanstha Ltd.

**Head Office :**
Shuklagandaki Municipality-4, Dulegaunda, Tanahun
Phone No. : (977) 065-414247, 414297, 414522, 590523
Email : info@ganapatimicro.com.np
Website : www. ganapatimicro.com.np

## Unaudited Financial Results
### As on Quarter ended 32nd Ashadh 2083 (July 16th 2026)

**Condensed Statement of Financial Position**
As on Quarter ended 32nd Ashadh 2083 (July 16th 2026)

| Particulars | Amount (NPR) This Quarter Ending | Immediate Previous Year Ending |
|---|---|---|
| **Assets** | | |
| Cash and Cash Equivalents | 53,796,547.83 | 255,506,276.59 |
| Statutory Balances and due from Nepal Rastra Bank | 87,300,000.00 | 12,300,000.00 |
| Placement with Bank & Financial Institutions | - | - |
| Derivative Financial Instruments | - | - |
| Other Trading Assets | - | - |
| Loan and advances to MFIs & Cooperatives | - | - |
| Loans and Advances to Customers | 2,289,333,451.40 | 2,203,835,103.07 |
| Investment Securities | - | - |
| Current Tax Assets | 17,691,555.09 | 9,392,998.67 |
| Investment Property | - | - |
| Property and Equipment | 7,425,783.61 | 7,817,541.69 |
| Goodwill and Intangible Assets | 704,522.28 | 326,560.50 |
| Deferred Tax Assets | 2,550,755.62 | 2,550,755.62 |
| Other Assets | 36,266,478.99 | 23,930,999.04 |
| **Total Assets** | **2,495,069,094.82** | **2,515,660,235.17** |
| **Liabilities** | | |
| Due to Bank and Financial Institutions | - | - |
| Due to Nepal Rastra Bank | - | - |
| Derivative Financial Instruments | - | - |
| Deposits from Customers | 525,931,739.70 | 537,544,352.21 |
| Borrowings | 1,635,313,800.36 | 1,766,955,661.59 |
| Current Tax Liabilities | 18,628,264.01 | - |
| Provisions | - | - |
| Deferred Tax Liabilities | - | - |
| Other Liabilities | 75,745,272.90 | 15,176,152.87 |
| Debt Securities Issued | - | - |
| Subordinated Liabilities | - | - |
| **Total Liabilities** | **2,255,619,076.97** | **2,319,676,166.67** |
| **Equity** | | |
| Share Capital | 151,554,532.50 | 151,554,532.50 |
| Share Premium | - | - |
| Retained Earnings | (6,780,406.32) | (35,380,623.67) |
| Reserves | 94,675,891.67 | 79,810,159.68 |
| **Total Equity** | **239,450,017.85** | **195,984,068.50** |
| **Total Liabilities and Equity** | **2,495,069,094.82** | **2,515,660,235.17** |

**Condensed Statement of Profit & Loss**
For the Quarter Ended 32nd Ashadh 2083

Amount (NPR)

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter | This Quarter | Upto This Quarter |
| Interest Income | 59,778,773.91 | 312,290,740.43 | 79,813,563.59 | 321,092,533.16 |
| Interest Expense | 33,579,184.72 | 138,116,330.01 | 37,209,100.31 | 158,369,454.10 |
| **Net Interest Income** | **26,199,589.19** | **174,174,410.42** | **42,604,463.28** | **162,723,079.06** |
| Fee and Commission Income | 8,912,626.98 | 10,191,908.10 | 9,346,557.70 | 10,472,907.66 |
| Fee and Commission Expense | 30,453.84 | 723,637.29 | 497,192.54 | 1,075,542.86 |
| **Net Fee and Commission Income** | **8,882,173.14** | **9,468,270.81** | **8,849,365.16** | **9,397,364.80** |
| **Net Interest, Fees and Commission Income** | **35,081,762.33** | **183,642,681.23** | **51,453,828.44** | **172,120,443.86** |
| Net Trading Income | - | - | - | - |
| Other Operating Income | (6,478,590.19) | (132,176.24) | (6,197,631.96) | (84,291.71) |
| **Total Operating Income** | **(6,478,590.19)** | **(132,176.24)** | **(6,197,631.96)** | **(84,291.71)** |
| Impairment Charge/(reversal) for Loans and Other Losses | 19,063,729.28 | (20,414,252.11) | 76,442,024.84 | 69,998,102.68 |
| **Net operating income** | **9,539,442.86** | **203,924,757.10** | **(31,185,828.36)** | **102,038,049.47** |
| **Operating Expense** | | | | |
| Personnel Expenses | 20,078,828.45 | 104,056,012.67 | 10,146,559.31 | 87,346,610.50 |
| Other Operating Expenses | 13,413,318.63 | 35,057,929.89 | 17,338,187.20 | 38,296,115.21 |
| Depreciation & Amortization | 929,326.25 | 2,485,802.67 | 224,274.01 | 1,989,842.13 |
| **Operating Profit** | **(24,882,030.47)** | **62,325,011.87** | **(58,894,848.88)** | **(25,594,518.37)** |
| Non-Operating Income | - | | - | - |
| Non-Operating Expense | 230,798.52 | 230,798.52 | - | - |
| **Profit before Income Tax** | **(25,112,828.99)** | **62,094,213.35** | **(58,894,848.88)** | **(25,594,518.37)** |
| **Income Tax Expense** | - | | - | - |
| Current Tax | (7,533,848.70) | 18,628,264.01 | (4,040,441.19) | 5,949,657.96 |
| Deferred Tax | - | - | (1,048,702.39) | (1,048,702.39) |
| **Profit for the Period** | **(17,578,980.29)** | **43,465,949.35** | **(55,903,110.08)** | **(32,592,878.72)** |

**Condensed Statement of Comprehensive Income**

Amount (NPR)

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter | This Quarter | Upto This Quarter |
| **Profit or loss for the Period** | **(17,578,980.29)** | **43,465,949.35** | **(55,903,110.08)** | **(32,592,878.72)** |
| **Other Comprehensive Income** | | | | |
| **Total Comprehensive Income** | **(17,578,980.29)** | **43,465,949.35** | **(55,903,110.08)** | **(32,592,878.72)** |
| **Earnings per share** | | | | |
| Basic earnings per share | | 28.68 | | (21.51) |
| Annualized Basic Earnings per share | | 28.68 | | (21.51) |
| Diluted earnings per share | | 28.68 | | (21.51) |

**Ratios as per NRB Directive**
For the Fourth Quater Ended Ashadh 2083

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter | This Quarter | Upto This Quarter |
| Capital Fund to RWA | | 8.65% | | 6.07% |
| Non Performng loan(NPL) to Total Loan | | 13.79% | | 15.10% |
| Total Loan Loss Provision to Total NPL | | 42.69% | | 45.83% |
| Cost of Funds | | 6.14% | | 6.69% |
| Credit to Deposit and Borrowing Ratio | | 105.93% | | 110.13% |
| Base Rate | | 12.49% | | 13.20% |
| Interest Rate Spread | | 8.51% | | 8.31% |

**Statement of Distributable Profit or Loss**
Upto Fourth Quater Ended 2083
As per NRB Regulation

| Particulars | Upto This Quarter |
|---|---|
| **Opening Retained earning (2082/04/01)** | **(35,380,623.67)** |
| **Net profit or (loss) as per Profit & loss account** | **43,465,949.35** |
| **1.Appropriations:** | |
| **1.1 Profit required to be appropriated to:** | **9,997,168.35** |
| a. General Reserve | 8,693,189.87 |
| b. Corporate Social Responsibility Fund | 434,659.49 |
| c. Client Protection Fund | 869,318.99 |
| d. Other | - |
| **1.2 Profit or (loss) before regulatory adjustment** | **4,868,563.64** |
| a. Transfertred to Regulatory Resreve | 4,868,563.64 |
| b. Transferred from Regulatory Reserve | - |
| **Profit & (Loss) Upto Second Quarter available for Distributable** | **(6,780,406.32)** |

**Note:**
1. Figures presented above may vary with the audited figures if instructed by regulators/statutory auditor.
2. The microfinance has applied alternative treatment in the carve outs issued by the Institute of Chartered Accountants of Nepal with respect to the Impairment of Loans and Advances.
3. Loans and Advances are presented net of impairment charges
4. Actuarial Valuation has been done on annual basis for Employee Benefits.
5. Figures are regrouped/rearranged/restated wherever necessary for consistent and fair presentation and comparison.

| Interest Rate | | | |
|---|---|---|---|
| 1. Deposit | 7.5 % to 8.55% | 2. Loan and Advances | 14.10% to 15% |

धितोपत्र दर्ता तथा निष्कासन नियमावली २०७३ को अनुसूची-१४ (नियम २६ को उप विनियम (१) सँग सम्बन्धित)

### आ.व. २०८२/०८३ को चौथो त्रैमासिक प्रतिवेदन

**१) वित्तीय विवरण:**

**(क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण :**
आ.व. २०८२/०८३ को चौथौ त्रैमासिक अवधिको अपरिष्कृत (Unaudited) वासलात, नाफा नोक्सान, वितरण योग्य मुनाफा सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ र सो विवरण यस वित्तीय संस्थाको सूचना पाटी तथा वेवसाईट www.ganapatimicro.com.np मा समेत राखिएको छ ।

**(ख) प्रमुख वित्तीय अनुपातहरु:**

| प्रति शेयर आम्दानी अनुपात (वार्षिकमा) | मुल्य आम्दानी अनुपात (P/E Ratio) | तरलता अनुपात | प्रति शेयर नेटवर्थ | प्रति शेयरकुल सम्पत्तिको मुल्य |
|---|---|---|---|---|
| २८.६८ | ४१.४२ | २६.८३ | १५८.०० | १,६४६.३२ |

**२. व्यवस्थापकीय विश्लेषण:**

**(क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी विवरण :**
हाल वित्तीय बजारमा तरलता बृद्धि हुन गई अर्थतन्त्रमा पर्न गएको असर र वैंक तथा वित्तीय संस्थाबाट लिइएको थोक विपन्न कर्जाको व्याजदर कमी हुन गई कोषको लागतमा कमी भएको छ । संस्थाको मौज्दात, आम्दानी, तरलताको अवस्था र समग्र वित्तीय अवस्था संतोषजनक रहेको छ । समिक्षाको अवधिमा वित्तीय संस्थाको सदस्य संख्या, ऋणी संख्या, लगानीमा रहको कर्जा रकम, बचत रकम, संस्थाको मौज्दात, तरलता र आम्दानीमा परिवर्तन भएको छ। वित्तीय सुचाँकहरु सन्तोषजनक रहेको छ ।

**(ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :**
राष्ट्रिय स्तरको यस वित्तीय संस्थाले स्वभाविक बृद्धि (Natural Growth) लाई आफ्नो प्रमुख लक्ष्यको रुपमा अगाडि सारेको छ । फलस्वरुप हालसम्म ४३ वटा शाखा कार्यालय मार्फत ग्राहक सदस्यहरुलाई आधुनिक तथा गुणस्तरिय वित्तीय सेवा प्रदान गर्दै आएको छ। साथै वित्तीय बजारमा उत्पन्न भएको विषम परिस्थति एवं अन्य चुनौतिहरुको सामना गर्दै नकारात्मक प्रभावलाई न्यूनिकरण गर्दै जान हरसम्भव प्रयासहरु गर्दै लगिने छ ।

**(ग) विगतको अनुभवबाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदी भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :**
लघुवित्त क्षेत्रमा देखिएको समस्याको कारण केही केन्द्र बैठकहरु नियमित तवरले बस्न नसकेका कारण कर्जा असुलीमा समस्या देखिएकोले यो अवस्था नियमित रहेमा भविश्यमा तरलता जोखिम बढ्नसक्ने देखिन्छ । साथै लघुवित्त क्षेत्रमा गरिने नकरात्मक टिका टिप्पणी, लघुवित्त वित्तीय संस्थामा देखिएको अस्वस्थ प्रतिस्पर्धा, बहुबैकिङ कारोवार र कर्जाको अधिकभार जस्ता कारणले पनि वित्तीय संस्थालाई नकरात्मक प्रभाव पारेको देखिएकोले यसलाई कम गर्न कर्जा सुचना केन्द्रको प्रभावकारीताले गर्दा क्रमशः जोखिम कम हुँदै जाने र विस्तारै असल ग्राहकहरुको पहिचान हुनेछन । साथै पछिल्लो समय नियमनकारी निकायको नीति निर्देशनमा संशोधन र सदस्यको आय स्तरमा भएको कमीका कारण संस्थाको मौज्दात, नाफा र नगद प्रवाहमा असर पार्न सक्ने देखिन्छ ।

**३. कानूनी कारबाही सम्बन्धी विवरण:**
(क) त्रैमासिक अवधिमा संगठित संस्थाले कुनै पनि मुद्धा दायर नगरेको र संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको सुचना प्राप्त नभएको ।
(ख) संगठित संस्थाको संस्थापक र संचालक विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर नभएको ।
ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर नभएको ।

**४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :**

**(क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा :**
सेयर कारोवार धितोपत्र बजारबाट निर्देशित हुने हुँदा व्यवसायको बृद्धि संगै कारोवार मूल्य सकारात्मकता तर्फ उन्मुख हुनु स्वभाविक हो । विभिन्न कारणहरुको असर स्वरुप मूल्यमा उतार चढाव आएता पनि हालसम्मको कारोवार सन्तोषजनक रहेको छ ।

**(ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबार संख्या :**
नेपाल स्टक एक्सेन्ज लिमिटेडको वेवसाइड www.nepalstock.com को अनुसार चौथौ त्रैमासिक अवधिमा शेयर सम्बन्धी कारोवार देहाय बमोजिम रहेको छ ।

| अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोबार दिन | कारोबार संख्या | कारोबार रकम | कारोबार कित्ता | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १,४६०.०० | १,१३०.५० | ११८८.०० | ६४.०० | १,०६१.०० | ४,७४,६२,५२२.३० | ३७,१४४.०० | |

**५. समस्या तथा चुनौती :**
क) नियामक निकायको नीति तथा नियमनमा आउन सक्ने परिवर्तन ।
ख) अनुभवी तथा दक्ष कर्मचारीहरुको अभाव हुनु, पुराना तथा दक्ष कर्मचारीहरुको वहिर्गमन हुनु ।
ग) वित्तीय बजारमा देखिएको अस्थिरताबाट पर्न सक्ने अप्रत्याशित उतार चढावको चुनौती ।
घ) सदस्यहरुको व्यवसाय पूर्वत संचालन तथा वैकल्पिक आयस्रोत समेत नहुनु ।
ङ) लघुवित्त क्षेत्रमा भएको नकरात्मक टिका टिप्पणीको कारणले कर्जा असुलीमा चुनौती हुनु ।
च) सदस्यहरुमा वित्तीय साक्षरता र बैंक तथा वित्तीय संस्थाहरुप्रति वित्तीय अनुपालनाको कमी ।

**६. संस्थागत सुशासन :**
(क) नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सूशासन लगायतका निर्देशनहरु पालना गर्नुको साथै प्रचलित ऐनहरु : कम्पनी ऐन २०६३, बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन २०७३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र ऐन २०६३, आयकर ऐन २०५८, आदि पालना गरिएको छ ।
(ख) वित्तीय संस्थाको प्रबन्धपत्र, नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनियमावली, वित्तीय सेवा निर्देशिका, आन्तरिक लेखापरिक्षण निर्देशिका, सम्पत्ति दायित्व व्यवस्थापन नीति, लगानी नीति लगायतका नीति, नियम, निर्देशिकाहरु बनाई पालना गरिएको छ ।
(ग) वित्तीय संस्थाले आफ्नो कारोवारलाई चुस्त, दुरुस्त छिटो छरितो एवं आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन संचालक समिति तहमा लेखापरिक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति र सम्पत्ती शुद्धिकरण अनुगमन उपसमिति गठन गरेको छ ।

**७. सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण :**
आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।


## सगरमाथामा ...

मानवीय गतिविधिलाई समयमै नियन्त्रण र व्यवस्थित नगरे हिमनदी पग्लिने दर झनै बढ्ने भएकाले दीर्घकालीन संरक्षणका लागि इन्धनको विकल्पमा सौर्य ऊर्जा प्रयोग गर्नुपर्ने सुझाइएको छ।

आधारशिविरलाई हालको जोखिमयुक्त स्थानबाट अन्यत्र सारेर सुरक्षित र स्थायी समाधान खोज्नुपर्ने प्रस्ताव अध्ययनले गरेको छ।

यसका लागि अध्ययनले दुई वटा विकल्प प्रस्तुत गरेको छ– हाल आधारशिविर रहेको ठाउँबाट दक्षिण-पश्चिममा रहेको स्थिर भूभाग वा नजिकै रहेको गोरेकसेप।

हिमाली पर्यावरण जोगाउन आरोहणलाई व्यवस्थित बनाउनुपर्ने आवाज पर्वतारोहीहरूले पनि उठाउँदै आएका छन्। नेपालका हिमालहरूमा सफाइ अभियान सञ्चालन गर्दै आएका कीर्तिमानी आरोही निर्मल पुर्जाले पनि पटक-पटक हिमालको पारिस्थितिक प्रणाली जोगाउन आग्रह गर्दै आएका थिए।

### वार्षिक २०० टन फोहोर

सन् १९९१ देखि सगरमाथा आरोहणका क्रममा सिर्जित फोहोर व्यवस्थापन गर्दै आएको संस्था सगरमाथा प्रदूषण नियन्त्रण समितिको तथ्यांकअनुसार यस वर्षमात्रै ९० हजार केजीभन्दा बढी फोहोर जम्मा भएको छ। जसमध्ये आधारशिविरबाट मात्रै ८० हजार ७ सय ५० केजी फोहोर संकलन गरिएको छ।

खुम्बु क्षेत्रमा काम गर्दै आएको अर्को संस्था 'सगरमाथा नेक्स्ट' का अनुसार पर्यटकीय सिजनका व्यस्त दिनहरूमा दैनिक ७ सय ९० किलो फोहोर संकलन हुने गर्छ। संस्थाले वार्षिक दुई सय टनसम्म फोहोर संकलन हुने गरेको दाबी गरेको छ।

वार्षिक ८० हजारभन्दा बढी पर्यटक तथा पर्वतारोही खुम्बु क्षेत्र पुग्ने गर्छन्। मानव शरीरको आफ्नै तापक्रमले सिधै हिउँ नपगाले पनि आधारशिविरमा हुने मानिसहरूको ठूलो भिड, उनीहरूले प्रयोग गर्ने इन्धन र गर्ने गतिविधिले भने पर्यावरणमा गम्भीर असर पारिरहेको वैज्ञानिक आधारहरूले पुष्टि गरेका छन्।

### मलमूत्रबाट बायोग्यास बनाउने योजना

'माउन्ट एभरेस्ट बायोग्यास प्रोजेक्ट' ले सगरमाथामा उत्सर्जन हुने फोहोरलाई चुनौतीपूर्ण वातावरणीय समस्याका रूपमा औंल्याउँदै यसको सही सम्बोधन नभए विकराल रूप लिने चेतावनी दिँदै आएको छ। परियोजनाले विशेष गरी मानव मलमूत्रको प्राविधिक समाधान खोज्ने प्रयास गरिरहेको छ।

सगरमाथाको माथिल्लो भागबाट ल्याइएको मलमूत्र गोरेकसेपमा लगेर विसर्जन गर्दा त्यसले शेर्पा समुदायको स्वास्थ्य र स्थानीय वातावरणमा गम्भीर असर पारिरहेको छ। यस समस्यालाई हल गर्न परियोजनाले 'बायोग्यास डाइजेस्टर' स्थापना गरी खुम्बु उपत्यकामा सञ्चालन गर्ने योजना अघि सारेको थियो, जसबाट हिमालमा दीर्घकालीन रूपमा फोहोर व्यवस्थापन गर्न सकियोस्।

ताजा अध्ययनले पनि हिमालमा परम्परागत इन्धन हटाएर सौर्य ऊर्जा र नवीकरणीय ऊर्जाका विकल्पहरू तत्काल अपनाउन जोडदार सुझाव दिएको छ।

## श्रेष्ठमाथि...

उनले भनिन्, 'अदालत नपुऱ्याउँदै श्रेष्ठको घर र कार्यालयमा प्रहरी गई विभिन्न सामग्रीहरू जफत गरिएको छ। यसको भर्त्सना गर्छौं।'

श्रेष्ठलाई भेट्न वरिष्ठ अधिवक्ता टीकाराम भट्टराई, श्रेष्ठकी पत्नी र विभिन्न संघ-संगठनका प्रतिनिधिहरू भेटघाटका लागि प्रहरी परिसर पुगेका थिए। तर, प्रहरीले भेट्न नमिल्ने भन्दै फर्काइदिएको थियो। प्रदर्शनका क्रममा प्रहरीबाट हस्तक्षेपसमेत भएको थियो।

श्रेष्ठलाई पक्राउ गरिएको घटनाले लोकतान्त्रिक मूल्य-मान्यता र स्वतन्त्र प्रेसको विश्वव्यापी मान्यतामाथि प्रहार गरेको नेपाल पत्रकार महासंघले जनाएको छ।

समाचारमा चित्त नबुझेको विषय हेर्ने क्षेत्राधिकार प्रेस काउन्सिल नेपालको भएकोमा यसको दुरुपयोग गर्दै सरकारी संयन्त्र प्रयोग गरेर श्रेष्ठलाई पक्राउ गरिएको व्यवहार प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, पत्रकार आचारसंहिता र संविधानविरुद्ध रहेको ठहर महासंघले गरेको छ।

महासंघका महासचिव रामप्रसाद दाहालले प्रेस विज्ञप्ति जारी गर्दै सरकारको स्वेच्छाचारी शैलीप्रति खेद प्रकट गर्दै भर्त्सना गरेका छन्। महासंघले आफ्नो क्षेत्राधिकारको स्वामित्वको विषयमा प्रभावकारी भूमिका निर्वाह गर्न विज्ञप्तिमार्फत प्रेस काउन्सिल नेपाललाई आग्रहसमेत गरेको छ।

त्यस्तै प्रेस स्वतन्त्रताको सम्मान गर्न माग गर्दै समाचारको विषय भए प्रेस काउन्सिलमार्फत आवश्यक प्रक्रिया अवलम्बन गरी समाधान खोज्न महासंघले सम्बन्धित निकायको ध्यानाकर्षण गराएको छ। त्यस्तै, प्रेस चौतारी नेपाललगायत विभिन्न सञ्चारसम्बद्ध संस्थाहरूले प्रेस विज्ञप्ति जारी गर्दै श्रेष्ठ पक्राउको कानुनी आधार, खानतलासीको औचित्य तथा नियन्त्रणमा लिइएका सञ्चारसामग्रीबारे तत्काल स्पष्ट जानकारी सार्वजनिक गर्न आग्रह गरेका छन्।

प्रेस काउन्सिल नेपालले श्रेष्ठलाई पक्राउ गरी निजी निवासमा खानतलासी भएको र कार्यालयमा हातहतियारसहित प्रवेश गरी कम्प्युटरलगायतका सामग्री जफत गरिएको घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

काउन्सिलका प्रवक्ता एवं वरिष्ठ प्रशासकीय अधिकृत दीपक खनालले प्रेस विज्ञप्ति जारी गर्दै काउन्सिलले आफ्नो क्षेत्राधिकारभित्र रहेर पत्रकार र सञ्चारमाध्यमको अनुगमन गर्दै आएको विषयलाई मध्यनजर गरी कुनै समाचारको विषयमा चित्त नबुझे काउन्सिलमा उजुरी दिन सरोकारवाला सबै पक्षलाई अनुरोध गरेका छन्। श्रेष्ठ प्रेस काउन्सिल नेपालका पूर्वकार्यवाहक अध्यक्ष हुन्।

नेपाल बार एसोसिएसन, मानव अधिकार तथा जनसरोकार समितिले प्रेस विज्ञप्ति जारी गर्दै समाचार लेखेकै आधारमा सञ्चारकर्मीलाई पक्राउ गरिनु, सञ्चारगृह बन्द गराउनु, परिवारका अन्य सदस्यलाई मानसिक यातना दिने कार्य आधुनिक समयमा पटक्कै नसुहाउने जनाएको छ।

समितिका सहसंयोजक अधिवक्ता डा. राजेन्द्र घिमिरे र सदस्यसचिव अधिवक्ता किरण न्यौपानेले जारी गरेको विज्ञप्तिमा नेपालको संविधानबाट नै पूर्ण ग्यारेन्टी गरिएको नागरिकको सुसूचित हुन पाउने हक-अधिकारलाई कहीँ-कतै र कुनै पनि बहानाबाजीमा अंकुश नलगाउन सबै पक्षलाई आग्रह गरिएको छ।

# अर्थतन्त्र

सुनचाँदीको भाउ



छापावाल सुन : ३,०६,२००
चाँदी : ४७५०

(प्रतितोला रुपैयाँमा)

विदेशी विनिमय दर

| मुद्रा | एकाइ | खरिद | बिक्री |
|---|---|---|---|
| अमेरिकी डलर | १ | १५२.२४ | १५२.८४ |
| युरो | १ | १७५.६२ | १७६.३२ |
| पाउन्ड स्टर्लिङ | १ | २०५.७६ | २०६.५७ |
| भारतीय रुपैयाँ | १०० | १६० | १६०.१५ |

# कहिले आउला नेपालमा ५जी ?

## प्राधिकरणले ल्यायो ५जी मस्यौदा



- नेपाल दूरसञ्चार प्राधिकरणले ५जी सेवा विस्तारका लागि 'नेपालस् रोड टु ५जी' नामक मोबाइल ब्रोडब्यान्ड सुधार योजना सार्वजनिक
- ४जीको तुलनामा ५जी उच्च गति र न्यून विलम्बतामा आधारित प्रविधि भएकाले बढ्दो डेटा ट्राफिक व्यवस्थापनमा सहयोग पुग्ने प्राधिकरणको अपेक्षा

**निमा योञ्जन** | *काठमाडौं*

नेपालमा पाँचौं पुस्ताको मोबाइल सेवा '५जी' विस्तारको तयारी अघि बढेको छ। नेपाल दूरसञ्चार प्राधिकरणले ५जी सेवा विस्तारका लागि 'नेपालस् रोड टु ५जी' नामक मोबाइल ब्रोडब्यान्ड सुधार योजना सार्वजनिक गरेको छ।

नेपाल दूरसञ्चार प्राधिकरणका प्रवक्ता मीनप्रसाद अर्यालले ५जी विस्तारका लागि मस्यौदा तयार पारिएको जानकारी दिए। उनले भने, '५जी एक नवीनतम प्रविधि हो। यसका लागि आवश्यक पर्ने फ्रिक्वेन्सी छुट्याउने र ३जी जस्ता पुराना प्रविधिलाई विस्थापित गर्ने योजना अघि सारिएको छ। सरकार, प्राधिकरण र सेवा प्रदायकको दायित्व के-के हुने भन्नेबारे मस्यौदा तयार पारिएको हो। यो अहिले योजनामात्रै हो, यसको अन्तिम निर्णय भइसकेको छैन।'

प्राधिकरणको सुधार योजनाअनुसार नेपालमा सन् १९९९ मा दोस्रो पुस्ताको मोबाइल सेवा (२जी) सुरु भएको थियो। प्रविधिको विकाससँगै तेस्रो पुस्ता (३जी) हुँदै अहिले चौथो पुस्ता (४जी) सेवा सञ्चालनमा छ। अब भने ५जी सेवा विस्तारको तयारी अघि बढाइएको हो। पछिल्ला वर्षहरूमा नेपालको डेटा ट्राफिकमा वार्षिक करिब ३० देखि ४० प्रतिशत वृद्धि भइरहेको प्राधिकरणले जनाएको छ। बढ्दो डेटाको मागलाई सम्बोधन गर्न उच्च क्षमताको ५जी सेवा आवश्यक रहेको योजनामा उल्लेख छ।

प्राधिकरणले सन् २०२३ मा नेपाल टेलिकमलाई ५जी परीक्षणका लागि काठमाडौंको बबरमहल र सुन्धारा तथा पोखरा र वीरगन्जमा २६०० मेगाहर्ज फ्रिक्वेन्सी ब्यान्डमा ६० मेगाहर्ज स्पेक्ट्रम उपलब्ध गराएको थियो। परीक्षणका क्रममा १ गिगाबिट प्रतिसेकेन्डसम्म डेटा ट्रान्सफर गर्न सकिने उपलब्धि हासिल भएको थियो।

४जीको तुलनामा ५जी उच्च गति र न्यून विलम्बतामा आधारित प्रविधि भएकाले बढ्दो डेटा ट्राफिक व्यवस्थापनमा सहयोग पुग्ने प्राधिकरणको अपेक्षा छ। ५जीको प्रयोग दूरसञ्चारमा मात्र सीमित नरही स्वास्थ्य, शिक्षा, स्मार्ट सहर र औद्योगिक स्वचालन लगायतका क्षेत्रमा समेत विस्तार हुने अपेक्षा गरिएको छ। यसले भविष्यमा विकास हुने छैटौं पुस्ता (६जी) प्रविधिका लागिसमेत आधार तयार गर्नेछ।

प्राधिकरणले सन् २०२७ सम्ममा देशभर औसत २० मेगाबिट प्रतिसेकेन्ड इन्टरनेट गति पुऱ्याउने लक्ष्य लिएको छ। त्यस्तै, सन् २०३० सम्म महानगर तथा उपमहानगर क्षेत्रमा १०० एमबीपीएसको औसत गति पुऱ्याउने र सन् २०३५ सम्म देशभर ५जी कभरेज विस्तार गर्ने दीर्घकालीन लक्ष्य राखिएको छ।

### ३जी सेवा बन्द गरिने

हाल नेपालमा २जी, ३जी र ४जी सेवा सञ्चालनमा छन्। २जी मुख्यत: भ्वाइस सेवाका लागि र ४जी डेटा सेवाका लागि प्रयोग भइरहेकाले ३ जी प्रयोगकर्ता निकै कम रहेको प्राधिकरणको निष्कर्ष छ। सेवा प्रदायकले ५जीसँगै चारवटा पुस्ताका मोबाइल सेवा प्रदान गर्दा थप आर्थिक तथा स्पेक्ट्रम भार पर्ने भएकाले सन् २०२६ भित्रै ३जी सेवा बन्द गर्ने योजना अघि सारिएको छ। ३जी प्रयोगकर्तालाई ४जी र ५जीमा स्थानान्तरण गर्न सेवा प्रदायकहरूलाई विभिन्न प्रोत्साहन प्याकेज ल्याउन निर्देशन दिने तयारी छ।

### पूर्वाधार विकास

हाल मोबाइल सेवा प्रदायकहरूलाई कुल २३८.२ मेगाहर्ज स्पेक्ट्रम उपलब्ध गराइएको छ। उपलब्ध स्पेक्ट्रमको ठूलो हिस्सा डेटाको माग पूरा गर्न प्रयोग भइरहेको प्राधिकरणले जनाएको छ। ५जी विस्तारका लागि थप स्पेक्ट्रम उपलब्ध गराउने, क्यारियर एग्रिगेसनलाई अनिवार्य बनाउने तथा विद्यमान नीतिमा रहेको स्पेक्ट्रम सीमालाई आवश्यकताअनुसार संशोधन गर्ने प्रस्ताव योजनामा गरिएको छ।

५जी उपकरण जडान गर्दैमा मात्र ५जी सेवा प्रभावकारी नहुने प्राधिकरणको भनाइ छ। ५जीले ४जीको तुलनामा निकै छोटो समयमा धेरै डेटा आदानप्रदान गर्ने भएकाले ब्याकहोल पूर्वाधारलाई पनि आधुनिक बनाउनुपर्ने हुन्छ। यसका लागि सहरी तथा सम्भावना भएका ग्रामीण क्षेत्रमा फाइबर अप्टिक नेटवर्क विस्तार गरिनेछ।

फाइबर पुऱ्याउन कठिन क्षेत्रमा एन्टेनामार्फत उच्च क्षमताको डेटा आदानप्रदानको व्यवस्था मिलाउने योजना छ। सहरी क्षेत्रमा धेरै प्रयोगकर्ता हुने भएकाले नेटवर्कको क्षमता र गति बढाउन ठाउँ-ठाउँमा साना सेल तथा अन्य उपकरण जडान गरिनेछ। दुर्गम क्षेत्रमा टावर तथा एन्टेनामार्फत उच्च गतिको इन्टरनेट पहुँच विस्तार गरिनेछ।

५जीसँगै नयाँ प्रविधि र सेवाको विस्तार हुने भएकाले डेटा गोपनीयता तथा साइबर सुरक्षामा थप चुनौती आउन सक्ने प्राधिकरणले पहिचान गरेको छ। यसका लागि डेटा सुरक्षासम्बन्धी आवश्यक नीति निर्माण तथा कार्यान्वयन गर्ने, नियमित सुरक्षा परीक्षण गर्ने र सेवा प्रदायक तथा नियामक निकायका कर्मचारीलाई साइबर जोखिम पहिचान र डेटा सुरक्षासम्बन्धी तालिम दिने योजना छ।

साथै, सरकार, निजी क्षेत्र, प्राज्ञिक क्षेत्र र अन्तर्राष्ट्रिय साझेदारहरूबीच जोखिमसम्बन्धी सूचना आदानप्रदान र समन्वयका लागि एक संयुक्त मञ्च स्थापना गर्ने प्रस्तावसमेत योजनामा गरिएको छ।

### ५जी रणनीति

नेपालमा ५जी विस्तार गर्दा लागत-प्रभावकारिता, सहरी तथा ग्रामीण क्षेत्रमा समान पहुँच र दीर्घकालीन उपयोगलाई प्राथमिकता दिने रणनीति लिइएको छ। योजनाले ५जी विस्तारका लागि दुईवटा मोडेल अघि सारेको छ। पहिलो, स्वतन्त्र मोडेल मोडेलमा ५जी केन्द्रित नयाँ पूर्वाधारहरू निर्माण गरिन्छ। दोस्रो निर्भर मोडेलमा पहिलेदेखि नै रहेको ४जी पूर्वाधारको प्रयोग गरी ५जी सेवा विस्तार गरिन्छ। प्राधिकरणले ५जी विस्तारका लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन गरी तीन चरणको रोडम्याप तयार गरेको छ। प्रवक्ता अर्यालले मस्यौदा अध्ययन गरेर सरोकारवालाहरूबाट प्रतिक्रिया लिएपछि मात्र काम अघि बढ्ने बताए।






एनसेलको छानबिन प्रतिवेदन

# कारोबारदेखि कर र क्रसहोल्डिङसम्म प्रश्न

**किरण अधिकारी** | *काठमाडौं*

एनसेलको सेयर तथा स्वामित्व हस्तान्तरणमा पटक-पटक विदेशी संरचना प्रयोग भएको, ८० प्रतिशत सेयर खरिद-बिक्री पूर्वस्वीकृतिबिनै भएको र कारोबार मूल्य तथा लगानीको स्रोतसमेत स्पष्ट नभएको भन्दै छानबिन समितिले गम्भीर प्रश्न उठाएको छ। पूर्वमहालेखा परीक्षक टंकमणि शर्मा दंगाल नेतृत्वको समितिले एनसेलको सेयर कारोबारबारे थप अनुसन्धान गर्न सुझाव दिएको छ। कर, विदेशी लगानी, राजस्व चुहावट, सम्पत्ति शुद्धीकरण र एनसेल-स्मार्ट टेलिकमबीच सम्भावित 'क्रसहोल्डिङ'बारे पनि अनुसन्धान गर्न भनिएको छ।

सरकारले मन्त्रिपरिषद्को निर्णयपछि समितिको ११८ पृष्ठको 'एनसेलको सेयर खरिद बिक्रीसम्बन्धी अध्ययन तथा छानबिन प्रतिवेदन, २०८०' सार्वजनिक गरेको छ। समितिले एनसेल स्थापना भएदेखि हालसम्म भएका सेयर हस्तान्तरण, अफसोर कारोबार, लाभांश, कर तथा गैरकर दायित्व र नियामकीय प्रक्रिया अध्ययन गरेको छ।

प्रतिवेदनअनुसार साविक स्पाइस नेपालका रूपमा स्थापना भएयता एनसेलको सेयर तथा स्वामित्व १४ पटक परिवर्तन भएको छ। तीमध्ये अधिकांश कारोबार नेपालबाहिरका अफसोर संरचनामार्फत भए। त्यससम्बन्धी सम्पूर्ण अभिलेख नेपालका सम्बन्धित निकायमा पेस भएको नदेखिएको समितिको निष्कर्ष छ।

पछिल्लो पटक १ डिसेम्बर २०२३ मा मलेसियाको आजियाटा ग्रुप बर्हाड र बेलायतको स्पेक्ट्रलाइटबीच ८० प्रतिशत सेयर खरिद-बिक्री सम्झौता भएको थियो। समितिका अनुसार यो सम्झौता प्रचलित नेपाली कानुनबमोजिम लिनुपर्ने पूर्वस्वीकृति नलिई गरिएको छ। सम्झौतामा प्रारम्भिक प्रतिफल पाँच करोड अमेरिकी डलर तोकिएको छ। त्यसमध्ये ५० लाख डलर पहिलो किस्तामा र बाँकी ४ करोड ५० लाख डलर चार वर्षभित्र भुक्तानी गर्ने व्यवस्था रहेको प्रतिवेदनमा उल्लेख छ।

समितिले कारोबारको मूल्य र सम्झौताका प्रावधानमाथि पनि प्रश्न उठाएको छ। एनसेलको व्यावसायिक मूल्य करिब ४० करोड डलर रहेको बताइएको थियो। खरिदकर्ता पक्षले भने ४० देखि ४५ करोड डलर मूल्य रहेको दाबी गरेको थियो। तर सेयर खरिद-बिक्री सम्झौता, वित्तीय विवरण र समितिसमक्ष प्रस्तुत तथ्यांकबीच मेल नदेखिएको प्रतिवेदनमा उल्लेख छ।

कम्पनीको भौतिक सम्पत्ति, अनुमतिपत्रको बाँकी अवधि, वार्षिक आम्दानी तथा मुनाफालाई आधार मान्दा कारोबार मूल्यबारे थप अध्ययन आवश्यक रहेको समितिको निष्कर्ष छ।

प्रतिवेदनले एनसेल र स्मार्ट टेलिकमबीच सम्भावित क्रसहोल्डिङको विषय पनि उठाएको छ। स्मार्ट टेलिकमको अनुमतिपत्र नवीकरण भई एनसेलले स्मार्टलाई प्राप्त गरेमा खरिदकर्ताले विक्रेतालाई थप एक करोड डलर भुक्तानी गर्नुपर्ने व्यवस्था सम्झौताको अनुसूचीमा छ। यसबाट दुवै कम्पनीका सेयरधनी तथा लगानीकर्ताबीच आर्थिक हितको सम्बन्ध हुनसक्ने सम्भावना देखिएको समितिले जनाएको छ।

समितिले एनसेलका विगतका कारोबारमा राजस्व चुहावट, विदेशी मुद्रा अपचलन र सम्पत्ति शुद्धीकरणबारे थप अनुसन्धान गर्न सुझाव दिएको छ। नेपाल र विदेशमा भएका कारोबारको वास्तविक प्रकृति, लगानीको स्रोत, लाभग्राही स्वामित्व र रकमको प्रवाह पहिचान गर्न सरकारी संयन्त्रको क्षमता बढाउनुपर्ने समितिको सुझाव छ।

समितिले पछिल्लो सेयर खरिद-बिक्री सम्झौतालाई यथास्थितिमा स्वीकार नगर्न सरकारलाई सुझाव दिएको छ। खरिदकर्ता कम्पनीको प्राविधिक, वित्तीय तथा व्यवस्थापकीय क्षमता पुष्टि हुने पर्याप्त प्रमाण पेस भएका छैनन्। त्यसैले लगानीको स्रोत, सञ्चालकको व्यावसायिक पृष्ठभूमि र दूरसञ्चार क्षेत्रमा हुन सक्ने क्रसहोल्डिङसमेत अध्ययन गर्न समितिले सरकारलाई भनेको छ। विदेशी लगानीसम्बन्धी कानुन, दूरसञ्चार सेवाको संवेदनशीलता र सेवाको निरन्तरतालाई ध्यानमा राखेर निर्णय गर्न समितिले सुझाव दिएको छ। साथै भविष्यको व्यावसायिक योजना, कानुनी पालना, कारोबारको पारदर्शिता, सेयर मूल्यको विश्वसनीयता र अदालतका आदेशलाई समेत ध्यान दिन भनिएको छ।

प्रतिवेदन सार्वजनिक गरिएको विषयमा एनसेलले आपत्ति जनाएको छ। सरकारले गोपनीय राख्नुपर्ने संवेदनशील व्यावसायिक तथा व्यक्तिगत विवरण सार्वजनिक गरेको भन्दै एनसेलले कानुनी उपचार खोज्ने जनाएको छ।

एनसेलका चिफ कर्पोरेट एन्ड रेगुलेटरी अफिसर डिल्लिराम श्रेष्ठले संविधानले व्यक्तिगत विवरणको गोपनीयता सुनिश्चित गरेको दाबी गरे। संविधानविपरीत प्रतिवेदन सार्वजनिक गरिएको उनको भनाइ छ। सरकारसँग विवरण हुँदैमा त्यस्ता संवेदनशील सूचना सार्वजनिक गर्न नमिल्ने उनले बताए। प्रतिवेदन सार्वजनिक गर्ने निर्णयले लगानीकर्ताको विश्वास र नेपालको समग्र लगानी वातावरणमा नकारात्मक असर पार्न सक्ने एनसेलको भनाइ छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनअनुसार कानुनी उपचार खोज्ने संकेतसमेत कम्पनीले गरेको छ।

# विद्युत्को आम्दानी बढेपछि 'भिजन लुम्बिनी' नाफामा

**काठमाडौं** (अन्नपूर्ण) : विद्युत् बिक्रीबाट हुने आम्दानीमा वृद्धि भएपछि भिजन लुम्बिनी ऊर्जा कम्पनी नाफामा गएको छ। कम्पनीले सार्वजनिक गरेको गत आर्थिक वर्षको चौथो त्रैमाससम्मको वित्तीय विवरणअनुसार कम्पनीले ९ करोड ४ लाख रुपैयाँ खुद नाफा आर्जन गरेको छ।

अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कम्पनी १० करोड ५ लाख रुपैयाँ खुद नोक्सानीमा थियो। एक वर्षको अवधिमा कम्पनीको नाफा-नोक्सानीमा करिब १९ करोड रुपैयाँको सुधार देखिएको छ। समीक्षा अवधिमा कम्पनीको विद्युत् बिक्रीबाट हुने आम्दानी ५३.५८ प्रतिशतले बढेर ५८ करोड २३ लाख रुपैयाँ पुगेको छ।

# सानिमाको 'भिजन टु भ्यालु' मा उत्कृष्टलाई सम्मानित




**काठमाडौं** (अन्नपूर्ण) : सानिमा रिलायन्स लाइफको 'भिजन टु भ्यालु ३०८३' मा उत्कृष्टलाई सम्मान गरिएको छ। गत आर्थिक वर्षमा विभिन्न विधामा उत्कृस्ट कार्य तथा लक्ष्य हासिल गरेका क्षेत्रीय प्रबन्धक, एरिया म्यानेजर शाखा, उपशाखा प्रमुख, मार्केटिङ अफिसरलगायत कस्टमर सर्भिस एक्जुकेटिभलाई सम्मानित गरिएको थियो। दुई दिनसम्म सञ्चालन भएको कार्यक्रममा कम्पनीका नायब प्रमुख कार्यकारी अधिकृतले कम्पनीको गत आर्थिक वर्षको डेटा प्रस्तुत गर्दै यस वर्ष कम्पनीलाई नयाँ उचाइमा पुऱ्याउन अहोरात्र खटिएर काम गर्नुपर्ने बताए। कार्यक्रममा उत्कृष्ट शाखा प्रबन्धक तथा क्षेत्रीय प्रबन्धकहरूले कार्यानुभव साटासाट गरेका थिए।

एक आर्थिक वर्षको कार्य मूल्यांकन, उत्कृष्टलाई सम्मान तथा आगामी वर्षको योजना तर्जुमा गर्ने उद्देश्यले सानिमा रिलायन्स 'भिजन टु भ्यालु' कार्यक्रम आयोजना गरिएको थियो।

# नाइमा एक्स्पोमा अटो लोनमा बैंकहरूको विशेष अफर




**काठमाडौं** (अन्नपूर्ण) : नाइमा नेपाल मोबिलिटी एक्स्पो २०२६ का लागि आयोजक नेपाल अटोमोबाइल्स इम्पोर्टर्स एन्ड म्यानुफ्याक्चरर्स एसोसिएसन (नाइमा)सँग साझेदारी गरेका बैंकहरूले अटो लोनका लागि विशेष अफर र सुविधा दिइरहेका छन्।

नाइमा एक्स्पोको को-स्पोन्सर ग्लोबल आईएमई बैंक तथा बैंकिङ पार्टनरहरू सिद्धार्थ र एनएमबी बैंकले विशेष योजनासहित ग्राहकलाई मेलास्थलमै सुविधा दिएका हुन्।

आफूलाई मन परेको सवारीसाधन छनोट गरिसकेपछि मेला अवलोकनकर्ताहरू बैंकका स्टलहरूमा पुगेर कर्जाका लागि नाम दर्ता गराउने गरेका छन्। बैंकहरूले आधारदरमा ०.५ प्रतिशतदेखि १ प्रतिशतसम्ममा कर्जा सुविधा दिइरहेका छन् भने सेवा शुल्क पनि ०.५ प्रतिशतमात्र लिइरहेको बताए। मेलाको तेस्रो दिनसम्ममा अवलोकनकर्ताहरूको उपस्थिति बढिरहँदा बैंकका स्टलहरूमा पनि उल्लेख्य भिड बढेको छ।

ग्लोबलका एसएमई रिटेल बैंकिङ म्यानेजर मञ्जिल विष्टले एक्स्पोमा हरेक दिन अवलोकनकर्ताको संख्या बढिरहँदा बैंकको स्टलमा आएर कर्जाका बारेमा जानकारी लिनेहरूको संख्या पनि उल्लेख्य बढेको बताए। 'गाडी छनोट गरिसकेपछि हाम्रो स्टलमा आएर कर्जाका लागि नाम टिपाउने तथा क्यूआर स्क्यान गरेर आवेदन दिनेहरूको संख्या उल्लेख्य छ,' उनले भने, 'सवारी बिक्रेता कम्पनीहरूले आकर्षक अफर ल्याएर अवलोकनकर्ताहरूको मन जितिरहँदा त्यसलाई सहयोग पुग्नेगरी हामीले काम गरिरहेका छौं।' मेला अवलोकनपछि कर्जाका लागि नाम दर्ता गराउनेहरूलाई शाखासँग जोड्ने कार्यमा बैंकका स्टलहरूले सहजीकरण गरिरहेका छन्।

सिद्धार्थ बैंकका लाजिम्पाट शाखाका प्रबन्धक विष्णुप्रसाद शर्माले स्टलमा संकलन भएका डेटा केन्द्रीय कार्यालयमा पठाउने र केन्द्रीय कार्यालयले अवलोकनकर्तालाई सम्पर्क गरी सम्बन्धित शाखासँग जोडाइदिने काम गरिरहेको बताए। 'कतिपय अवलोकनकर्तालाई हामीले सिधै शाखासँग जोडिदिने गरेका छौं,' उनले भने। सवारी छनोट गरिसकेपछि कर्जाका लागि नाम दर्ता गराउने अवलोकनकर्ताको संख्या हरेक दिन बढिरहेको शर्माले बताए।

त्यस्तै, एनएमबी बैंकले पनि मेला अवलोकनकर्तालाई मेला स्थलमा रहेको स्टलबाट राम्रो सेवा दिइरहेको जनाएको छ। 'हामीले मेला अवलोकनकर्तालाई आकर्षक ब्याजदरमा कर्जा उपलब्ध गराउन सहजीकरण गरिरहेका छौं,' बैंककी रिलेसनसिप म्यानेजर समीक्षा पन्तले भनिन्, 'नाइमालाई लक्षित गरेर ब्याजदर रिभाइज गरेका हौं। ग्राहकको रेस्पोन्स राम्रो आइरहेको छ।'

नेपालमा दिगो, हरित तथा प्रविधिमैत्री यातायात प्रणालीलाई प्रवर्धन गर्ने उद्देश्यले आयोजना गरिएको दोस्रो संस्करणको एक्स्पो साउन ३१ सम्म चल्नेछ। एक्स्पोमा स्वदेशी तथा बहुराष्ट्रिय सवारीसाधन निर्माता र आयातकर्ताको उल्लेख्य सहभागिता छ।

एक्स्पोमा नेपालमा पहिलोपटक प्रवेश गरेका ब्रान्डदेखि अन्य नयाँ मोडलका विद्युतीय कार, ई-स्कुटर तथा विद्युतीय व्यावसायिक सवारीसाधन मुख्य आकर्षणका रूपमा रहेका छन्।

# ग्यालेक्सी वाच ९ र ग्यालेक्सी वाच अल्ट्रा २ सार्वजनिक



**काठमाडौं** (अन्नपूर्ण) : नयाँ पुस्ताको ग्यालेक्सी एआई क्षमता, ठूलो कार्यक्षेत्र र स्मार्ट ओनरसिप इकोसिस्टमसहित आएका यी उत्पादनहरूले नेपाली उपभोक्ताका लागि प्रिमियम स्मार्टफोन प्रयोगको नयाँ मानक तय गर्ने अपेक्षा गरिएको छ। सामसङको आठौं पुस्ताको फोल्डेबल प्लेटफर्मले वर्षौंदेखिको डिजाइन, स्थायित्व, सहजता र सफ्टवेयर विकासको अनुभवलाई समेटेको छ।

ग्यालेक्सी जेड फोल्ड ८ अल्ट्रा र जेड फोल्ड ८ मोडलहरूमा रहेका ठूला डिस्प्लेले प्रयोगकर्तालाई बारम्बार एप परिवर्तन नगरी समीक्षा, तुलना, सिर्जना र आवश्यक कामहरू गर्न सहज बनाउँछन्।

यस्तै ग्यालेक्सी जेड फ्लिप ८ बाट कम्प्याक्ट फर्म फ्याक्टरमा द्रुत एआई अन्तरक्रिया र रचनात्मक अभिव्यक्तिको उत्कृष्ट अनुभव प्रदान गर्छ। ग्यालेक्सी वाच ९ र वाच अल्ट्रा २ नयाँ वाच लाइनअपले कनेक्टेड स्वास्थ्य तथा वेलनेस अनुभवलाई थप परिष्कृत र विस्तार गर्छ। सामसङ नेपालले प्रिमियम प्रविधिको स्वामित्वलाई केवल खरिद मूल्यमा मात्र सीमित नराखी उपभोक्ताका लागि सहज, पहुँचयोग्य र दिगो बनाउन तीन योजना प्रस्तुत गरेको जनाएको छ।


**सार्वजनिक सूचना !!**

विदेशी शैक्षिक कार्यक्रम (सञ्चालन र नियमन) नियमावली २०८३ परिच्छेद ८(२०) को उपदफा २ अनुसार यस Green Peace Lincoln College प्रा.लि. ले निर्देशिकामा भएको व्यवस्था बमोजिम साबिकको सञ्चालन स्थान इटहरी उपमहानगरपालिका वडा नं ९ दिपेन्द्र चोक, सुनसरीबाट स्थान परिवर्तन गरी इटहरी उपमहानगरपालिका वडा नं १० People's Marga, ISMT चोक, सुनसरीमा स्थानान्तरण गर्ने भएकोले यसमा कोही कसैको दाबी एवं उजुरी भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षण संस्था समन्वय शाखा, सिंहदरबार अथवा Green Peace Lincoln College प्रा.लि वा info@ismt.edu.np मा उजुरी तथा दाबी गर्नु गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

**लिजहोल्ड/सम्पत्ति बिक्री गर्ने सम्बन्धी सूचना**

**सूचना प्रकाशन मिति : (२०८३/०४/२९)**

यस संस्थाको निम्न स्थानमा रहेको शाखा स्थानान्तरण गरिने हुँदा उपरोक्त शाखा कार्यालयमा रहेका र जडान भएका फर्निचर/फिक्स्चर/उपकरण/लिजहोल्ड प्रकृतिका सम्पत्ति आदि जे जस्तो अवस्थामा छ सोही अवस्थामा बिक्री गर्नुपर्ने भएकोले खरिद गर्न ईच्छुक व्यक्ति, फर्म, कम्पनी तथा अन्य संघ संस्थाहरुले खरिद गर्न चाहेमा सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्र) दिन भित्र** वित्तीय संस्थाको केन्द्रीय कार्यालय, काठमाडौं पुतलीसडक वा सम्बन्धित शाखा कार्यालयमा तथा पायक पर्ने अन्य शाखा कार्यालयमा सिलबन्दी बोलपत्र पेश गर्नहुन सूचित गरिन्छ।

| क्र.सं. | सामान रहेको शाखा कार्यालयको नाम | ठेगाना | सम्बन्धित शाखाको सम्पर्क नं. |
|---|---|---|---|
| १. | पुतलीसडक | का.म.न.पा. वडा नं. २८, पुतलीसडक, काठमाडौं | फोन नं. ०१-५३१२०९९ |

प्राप्त बोलपत्रहरु मिति २०८३/०५/१५ गते सोमबार संस्थाको केन्द्रिय कार्यालयमा खोलिने छ। बोलपत्रहरु संस्थाको अनुकुलता अनुसार स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संस्थामा नै निहित रहने छ। अन्य जानकारीको लागि बैंकको केन्द्रीय कार्यालय, पुतलीसडकमा वा माथि उल्लेखित सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

पोखरा फाइनान्स लिमिटेड
POKHARA FINANCE LIMITED
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्रप्राप्त संस्था
Since 2053
(समृद्धि फाइनान्स कम्पनी लिमिटेड र पोखरा फाइनान्स लिमिटेड एक आपसमा गाभिएको)

**केन्द्रिय कार्यालय:** पुतलीसडक काठमाडौं
फोन नं: ०१-५३१२०९९/५३१८८३८
इमेल : info@pokharafinance.com.np
वेब साइट : www.pokharafinance.com.np



## एसियाली खेलकुदमा सहभागीको नाम अनुमोदन

जापानको आइची-नागोया सहरमा आयोजना हुने २०औं एसियाली खेलकुदमा सहभागी हुने खेलाडी तथा अफिसियलको नामावली अनुमोदन भएको छ। बिहीबार बसेको राष्ट्रिय खेलकुद परिषद्‌को बोर्ड बैठकले सो निर्णय गरेको हो।






### १०औं राष्ट्रिय खेलकुद

# पाँचौं पटक मिति घोषणा



**अन्नपूर्ण** | *काठमाडौं*

नेपाली खेलकुदको सबैभन्दा ठूलो घरेलु प्रतियोगिता १०औं राष्ट्रिय खेलकुद आयोजना हुने मिति पटक-पटक घोषणा हुँदै स्थगित हुने क्रमले प्रतियोगिताको भविष्य नै अन्योलमा परेको अवस्थामा सरकारले प्रतियोगिताको नयाँ मिति घोषणा गरेको छ। बिहीबार बसेको राष्ट्रिय खेलकुद परिषद्‌को १२५औं बोर्ड बैठकले १०औं राष्ट्रिय खेलकुद प्रतियोगिता मंसिर १६ देखि २९ गतेसम्म गर्ने निर्णय गरेको छ। राखेपका अध्यक्ष शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलको अध्यक्षातमा बसेको परिषद्‌को बोर्ड बैठकले प्रथम राष्ट्रिय पारा खेलकुद पुस १५ गतेदेखि सञ्चालन गर्ने पनि निर्णय गरेको छ।

कर्णाली प्रदेशको सुर्खेतमा आयोजना गर्ने घोषणा गरिएको प्रतियोगिता अहिलेसम्म निर्धारित समयमा हुन नसक्दा पटक-पटक नयाँ मिति घोषणा गर्नुपर्ने अवस्था दोहोरिएको छ। ९औं राष्ट्रिय खेलकुद प्रतियोगिता २०७९ सालमा गण्डकी प्रदेशमा सम्पन्न भएपछि १०औं संस्करणको आयोजना गर्ने जिम्मेवारी कर्णाली प्रदेशलाई दिइएको थियो। त्यतिबेला १०औं राष्ट्रिय खेलकुद २०८१ साल मंसिर २ देखि ९ गतेसम्म कर्णालीमा आयोजना गर्ने गरी राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले मिति तोकेको थियो। तर, प्रतियोगिता नजिकिँदै जाँदा पूर्वाधार तयारी पूरा नभएकोलगायत कारण देखाउँदै पहिलोपटक मिति सारिएको थियो। राखेपको ११८औं बोर्ड बैठकले मंसिरमा हुनुपर्ने प्रतियोगिता २०८१ साल चैत २३ देखि ३० गतेसम्म आयोजना गर्ने निर्णय गरेको थियो। चैतको मितिमा पनि प्रतियोगिता हुन सकेन।

त्यसपछि १२१औं बोर्ड बैठकले फेरि मिति परिवर्तन गर्दै २०८२ साल जेठ ३ देखि १० गतेसम्म प्रतियोगिता आयोजना गर्ने निर्णय गरेको थियो। तर, आर्थिक स्रोत, पूर्वाधार, व्यवस्थापकीय तयारीलगायत विषयमा विवाद र समस्या देखिएपछि जेठमा पनि प्रतियोगिता हुन सकेन। २०८२ चैत २९ गते बसेको राखेपको १२२औं बोर्ड बैठकले जेठमा प्रतियोगिता गर्न नसकिने निष्कर्षसहित तत्कालका लागि प्रतियोगिता स्थगित गरेको थियो।

लामो समयसम्म नयाँ मिति नै नतोकिएको अवस्थामा खेलकुदमा नयाँ नेतृत्व आएपछि २०८२ कात्तिकमा फेरि प्रतियोगिताको मिति तोकियो। राष्ट्रिय खेलकुद परिषद्‌को १२३औं बोर्ड बैठकले कर्णालीमा २०८२ साल फागुन १ देखि ७ गतेसम्म प्रतियोगिता आयोजना गर्ने निर्णय गरेको थियो। त्यसपछि मन्त्रिपरिषद्‌ले पनि उक्त मितिलाई स्वीकृति नदिएपछि प्रतियोगिता हुन सकेन।

संघीय सरकार र कर्णाली प्रदेश सरकारबीच प्रतियोगिता तयारी, पूर्वाधार, बजेट तथा जिम्मेवारीका विषयमा आरोप-प्रत्यारोपसमेत भएपछि पनि प्रतियोगितामा अन्योलमा पर्‍यो।

कर्णाली प्रदेशको वीरेन्द्रनगरमा निर्माण गरिएको रंगशाला १०औं राष्ट्रिय खेलकुदको प्रमुख केन्द्र हो। निर्माणको काम झन्डै ९९ प्रतिशत पूरा भएको दाबी गरिए पनि बाँकी काम पूरा नहुँदा रंगशाला पूर्ण रूपमा सञ्चालनमा आउन सकेको छैन। ठेकेदार कम्पनीले काम छाडेको लामो समय भइसकेको र ठेक्काको म्याद थप वा रद्द गर्ने विषयसमेत टुंगो नलागेकाले प्रतियोगिताको तयारी प्रभावित भएको हो। रंगशाला निर्माणमा ठूलो रकम खर्च भइसकेको छ। सुर्खेतको रंगशालामा फुटबल मैदान, एथलेटिक्स सिन्थेटिक ट्र्याक, पौडी पोखरी, बहुउद्देश्यीय कभर्डहल, मार्सल आर्ट हललगायत संरचना निर्माण गरिएको छ। तर, राष्ट्रिय खेलकुदका लागि तयार पारिएको पूर्वाधार प्रतियोगिता नै नहुँदा प्रयोगविहीन बन्ने अवस्था आएको छ।

# एभरेष्ट भलिबलमा नयाँ फ्रेन्चाइज टोली

**अन्नपूर्ण** | *काठमाडौं*

एभरेष्ट महिला भलिबल लिगको तेस्रो संस्करणमा नयाँ फ्रेन्चाइज टोली थपिने भएको छ। लिग आयोजक इन्फिनिटी ड्रिम्सले बिहीबार विज्ञप्ति जारी गर्दै नयाँ टोलीका रूपमा 'सुदूरपश्चिम रोयल वारियर्स'को घोषणा गरेको हो। नयाँ टोलीको प्रवेशसँगै महिला भलिबलमा व्यावसायिकता बढ्ने विश्वास आयोजकको छ।



सुदूरपश्चिम रोयल वारियर्सको स्वामित्व उमा गौतम भण्डारी, सञ्जीप शाही र कुमार भण्डारीले लिएका छन्। आयोजकका अनुसार फ्रेन्चाइजले सुदूरपश्चिमको भलिबल प्रतिभा र खेलकुद क्षमतालाई प्रतिनिधित्व गर्नेछ। विशेषगरी ग्रामीण, दुर्गम तथा अवसरबाट वञ्चित क्षेत्रका महिला खेलाडीलाई पहिचान गरी व्यावसायिक मञ्च प्रदान गर्ने लक्ष्य टोलीले लिएको छ।

सुदूरपश्चिम रोयल वारियर्सका सञ्जीप शाहीले सुदूरपश्चिममा भलिबलप्रति ठूलो आकर्षण र प्रतिभा भए पनि महिला भलिबलको व्यावसायिक लिगमा यस क्षेत्रको आफ्नै फ्रेन्चाइज टोली नरहेको अवस्था नयाँ टोली घोषणा गरिएको बताए।

# नेपाली महिलालाई नागोया म्याराथनमा अवसर

**अन्नपूर्ण** | *काठमाडौं*

विश्वकै सबैभन्दा ठूलो महिला मात्र सहभागी हुने 'नागोया वुमेन्स म्याराथन २०२७' मा नेपाली महिला धाविकाले पनि सहभागिता जनाउन पाउने भएका छन्। अन्तर्राष्ट्रिय सहभागिताका लागि मंगलबारदेखि आवेदन खुला भएको छ।

गिनिज वर्ल्ड रेकर्ड्सबाट विश्वकै ठूलो 'अल-वुमन म्याराथन'का रूपमा प्रमाणित नागोया म्याराथन आगामी मार्च १४, २०२७ मा जापानको आइची प्रान्तस्थित नागोयामा आयोजना हुँदैछ। विश्व एथलेटिक्सको 'प्लाटिनम लेबल रोड रेस'समेत रहेको प्रतियोगितामा विश्वस्तरीय धाविकासँगै पहिलोपटक म्याराथन दौडनेदेखि व्यक्तिगत उत्कृष्ट समयको लक्ष्य राख्ने धाविकासम्मले सहभागिता जनाउनेछन्।




आयोजकले सन् २०२७ का लागि प्रतियोगिताको क्षमता २ हजारले बढाएर २२ हजार धाविका पुर्‍याएको छ। ४२.१९५ किलोमिटरको एउटै दूरीमा १९ वर्षदेखि ८० वर्ष उमेर समूहसम्मका महिलाले आफ्नै लक्ष्यसहित दौडनेछन्। नागोया म्याराथनको विशेष आकर्षणमध्ये हरेक 'फिनिसर'ले पाउने विशेष पुरस्कार पनि हो। दौड पूरा गर्ने प्रत्येक धाविकालाई फ्रान्सेली लक्जरी ब्रान्ड बाकारातले तयार पारेको विशेष क्रिस्टल टम्बलर प्रदान गरिन्छ। सन् २०२७ को टम्बलरको डिजाइन भने दौडको अघिल्लो दिन आयोजना हुने म्याराथन एक्स्पोमा सार्वजनिक गरिनेछ।

प्रतियोगिताले महिला धाविकालाई सुरक्षित र सहज वातावरण उपलब्ध गराउने उद्देश्यले पर्याप्त चिकित्सकीय सहायता, ठूलो संख्यामा सफा शौचालय र फराकिलो चेन्जिङ सुविधाको व्यवस्था गर्दै आएको छ। ७ घण्टाको समयसीमा, तुलनात्मक रूपमा समथर दौडमार्ग तथा एउटै स्थानबाट सुरु र समाप्त हुने व्यवस्थाले नयाँ धाविकालाई समेत सहज बनाउने आयोजकको भनाइ छ।

दौडको सुरुवात र समापन भेन्टेलिन डोम नागोयामा हुनेछ। यो ढाकिएको बेसबल रंगशाला भएकाले मौसम प्रतिकूल भए पनि धाविकालाई केही हदसम्म सुरक्षित वातावरण उपलब्ध हुन्छ। सन् २०२६ को संस्करणमा ९६.६ प्रतिशत सहभागीले दौड पूरा गरेका थिए।

म्याराथन सप्ताहन्तमा धाविकासँगै परिवार तथा समर्थकका लागि पनि विभिन्न कार्यक्रम आयोजना हुनेछन्। शुक्रबारदेखि सुरु हुने म्याराथन एक्स्पोमा 'गो रनवे' फेसन शो तथा लोकप्रिय गायक-गायिकाको विशेष प्रस्तुति लगायतका कार्यक्रम हुनेछन्।

महिलाका लागि मुख्य म्याराथन आयोजना भइरहँदा पुरुष धावकलाई पनि सोही दिन हुने नागोया सिटी म्याराथनमा सहभागी हुने अवसर पनि छ। पुरुषसहित अन्य इच्छुक धावकले हाफ म्याराथन वा ८.५ किलोमिटरको नागोया रनमा भाग लिन सक्नेछन्।

नागोया वुमेन्स म्याराथन २०२७ को अन्तर्राष्ट्रिय प्रवेशका लागि प्रारम्भिक आवेदन अगस्ट ११ देखि २४, २०२६ सम्म खुला रहनेछ। प्रारम्भिक प्रवेश शुल्क २४ हजार जापानी येन तोकिएको छ। यसैगरी नागोया सिटी म्याराथनका लागि अन्तर्राष्ट्रिय आवेदन पनि अगस्ट ११ देखि सेप्टेम्बर २३ सम्म खुला रहनेछ। हाफ म्याराथनको शुल्क १७ हजार येन र ८.५ किलोमिटरको नागोया रनको शुल्क १३ हजार येन तोकिएको छ।

# नङ्सल र रिहाना अन्तिम आठमा

**अन्नपूर्ण** | *काठमाडौं*

सिटिजन बैंककी नङ्सल तामाङ र एपीएफकी रिहाना शेरचनको जोडी १४औं पुष्पलाल स्मृति राष्ट्रिय ब्याडमिन्टन प्रतियोगिताको अन्तिम आठमा प्रवेश गरेका छन्। यल स्पोर्टस् एकेडेमीको कभर्डहलमा भएको प्रतियोगितामा नङ्सल र रिहानाको जोडीले नेपाल पुलिस क्लबका श्रेया बज्राचार्य र अस्मिता खत्रीको जोडीलाई २१-१५, २३-२१ को सोझो सेटमा पराजित गर्दै अन्तिम आठको यात्रा तय गरेका हुन्।



अन्तिम आठमा प्रवेश गर्ने क्रममा चितवनकी सुषमा भुजेल र कास्कीकी दिलाशा रानाको जोडीले आर्मीकी अनुमाया राई र सम्वृद्धि श्रेष्ठको जोडीलाई २१-८, २१-८ तथा सुर्खेतकी निर्भिता शाही र निशा सिंहको जोडीले मेघा शर्मा र लिला थापाको जोडीलाई २१-१०, २१-१७ ले पाखा लगाए। नेपाल खेलकुद महासंघ अन्तर्गतको राष्ट्रिय ब्याडमिन्टन संघको आयोजनामा भएको प्रतियोगिताको पुरुष यू-१५ एकलमा धन्वन्तरीका सुहम कार्की, कन्चनपुरका उदय चन्द, सिन्धुली ब्याडमिन्टन एकेडेमीका दीप थिङ र आर्मीका सामन्तभद्र वज्राचार्यले क्वार्टरफाइनलमा स्थान बनाए।

सुहमले आर्मीका रिजन मगरलाई २१-१४, २१-१९, उदयले बालकुमारी रिमिक्सका प्रज्ज्वल वज्राचार्यलाई २१-९, २१-११, दीपले आर्मीका आशुतोष कसौधनलाई २१-८, २१-१० र सामन्तले सूर्यदर्शनका सोनम वलीलाई २१-१९, २१-९ ले पराजित गरेका थिए।




## धितोमा रहेको चल/अचल सम्पत्तिको गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको १५ दिने सूचना

प्रकाशित मिति : २०८३/०४/२९ गते

यस माछापुच्छ्रे बैंक लि. महाराजगंज शाखा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीले आफ्नो उद्योग/व्यापार, व्यवसाय सञ्चालन गर्न लिनु भएको ऋण कर्जाको यस बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, लिखित तरताकेता गरिएको एवं मिति २०८२/१२/१९ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा ३५ दिने सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नु भएकोले बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी बैंक नियमानुसार विभिन्न मितिको राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम बिक्रीको गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरी लिलाम बिक्री गर्दा समेत धितो सम्पत्ति लिलाम बिक्री नभएकोले पुनः गोप्य शिलबन्दी बोलपत्रद्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी तपसिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। प्राप्त हुन आएका बोलपत्रहरु १६ (सोह्रौं) दिनका दिन सोही स्थानमा खोलिने हुँदा तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, प्रोप्राइटर/साझेदार/संचालक तथा सम्वद्ध सबैलाई सूचित गरिएको छ। तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन। साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, प्रोप्राइटर/साझेदार/संचालक तथा सम्वद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त व्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न समेत विशेष अनुरोध गरिन्छ।

**तपसिल**

**ऋणीको नाम, ठेगाना**

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय काठमाडौंमा कम्पनी ऐन, २०६३ बमोजिम दर्ता कायम रहेको **कमलश्री ईन्टरनेशनल प्रा.लि.**।
दर्ता नं. १२८२५१/०७१/०७२, दर्ता मिति : २०७१/०७/२५, पान नं. ६०२४३३४८०, दर्ता मिति : २०७१/०७/२६
ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १७, **शेयरधनी : नारायण बहादुर राउत**

**व्यक्तिगत जमानतकर्ताहरू**

| **१. नारायण बहादुर राउत** | **२. कल्पना भण्डारी** |
|---|---|
| ना.प्र.नं. ११०४२/९५६६०, जि.प्र.का. सिन्धुपाल्चोक | ना.प्र.नं. ९७६९६, जि.प्र.का. सिन्धुपाल्चोक |
| जारी मिति : २०५६/०५/२७ | जारी मिति : २०५६/११/०३ |
| बाबु : तेज बहादुर राउत | बाबु : विर बहादुर भण्डारी |
| बाजे : मनधोज राउत | पति : नारायण बहादुर राउत, ससुरा : तेज बहादुर राउत |
| ठेगाना : सिन्धुपाल्चोक जिल्ला, कर्थली वडा नं. ९ | ठेगाना : सिन्धुपाल्चोक जिल्ला, ठोकर्पा वडा नं. ९ |
| हाल : काठमाडौं जिल्ला, थलिडांछी वडा नं. ९ | हाल : काठमाडौं जिल्ला, थलिडांछी वडा नं. ९ |

**धितोमा रहेको सम्पतिको विवरण**

१. तेज बहादुर राउतको बुहारी, विर बहादुर भण्डारीको छोरी, नारायण बहादुर राउतको पत्नी, सिन्धुपाल्चोक जिल्ला, ठोकर्पा वडा नं. ९ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, थलिडांछी वडा नं. ९ बस्ने कल्पना भण्डारीको नाममा भूमि प्रशासन कार्यालय साँखु, काठमाडौंमा दर्ता कायम भएको काठमाडौं जिल्ला, थलिडांछी वडा नं. ९ घ स्थित कि.नं. १८९ र १९२ को क्षेत्रफल क्रमशः ०-२-३-० (रो.आ.पै.दा.) र ०-८-२-० (रो.आ.पै.दा.) बमोजिमको जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत।
२. ऋणी कमलश्री ईन्टरनेशनल प्रा.लि. ले बैंकलाई लेखिदिएको मौज्दात तथा चल सम्पत्तिको धितो सम्बन्धी सम्झौता (Hypothecation Agreement) बमोजिमको सम्पत्ति र हक हस्तान्तरण सम्बन्धी सम्झौता पत्र (Assignment Agreement) बमोजिम भुक्तानी प्राप्त गर्ने रकमहरु।

**लिलाम बिक्रीको शर्त तथा बन्देजहरू**

१. बोलपत्र फारम यस बैंकबाट कार्यालय समयभित्र रु. १०००/- (फिर्ता नहुने) तिरी प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचनामा तोकिए बमोजिमको मिति, स्थान र समयमा प्राप्त भइसक्नु पर्नेछ। म्याद नाघि वा रित नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
३. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक विदा परेमा विदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ। सो तोकिए अनुसारको दिन विदा परेमा त्यसपछिको लगतै बैंक खुलेको दिन दिउँसो ठीक १२:०० बजे सम्ममा कारोबार गरी बोलपत्र खोल्न सकिनेछ।
४. बोलपत्रमा आफुले सकार गरिलिन चाहेको सम्पत्तिको विवरण खुलाई के कति रकममा सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ।
५. बोलपत्रमा आफुले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने बराबर धरौटी रकम यस बैंकको नाममा खिचिएको ड्राफ्ट/नगद जम्मा बैंक भौचर/गुडफर पेमेन्ट चेक/"क" वर्गको बैंकबाट जारी गरिएको बैंक जमानत समेत शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ।
६. बढी रकम कबोल गर्नेको बोलपत्र स्वीकृत भएमा सो सूचनाको जानकारी दिएको ७ (सात) दिन भित्र बाँकी सम्पूर्ण रकम बुझाई उक्त सम्पत्ति आफ्नो नाममा नामसारी गर्ने प्रकृया अगाडि बढाउनुपर्नेछ। उक्त बाँकी रकम तोकिएको समयमा नबुझाएमा धरौटी वापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।
७. कुनैपनि अवस्थामा लिलाम प्रकृया रद्द गर्ने वा बोलपत्र स्वीकृत गर्ने/नगर्ने वा नेगोशियसन गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
८. इच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नुपर्नेछ। लिलाम बिक्री हुने सम्पत्ति र अन्य कुरा बुझ्न हेर्न वा स्थलगत निरीक्षण गर्न चाहनु हुने महानुभावहरुले यस बैंकमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ।
९. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा (७/८) अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम बैंकलाई चित्त बुझ्दो नभएमा प्रचलित ऐन कानून तथा आफ्नो नियम अनुसार बैंकले उक्त सम्पत्ति सकार गरी स्वामित्व आफुमा लिन/अधिनमा राख्न सक्नेछ।
१०. उक्त लिलाममा राखेको सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, रजिष्ट्रेशन दस्तुर, सम्पत्ति कर, स्थानिय कर र धारा/विजुली शुल्क (बाँकी बक्यौता समेत) सम्पूर्ण दायित्व आदि सकार गर्ने व्यक्ति वा पार्टी आफैले तिर्नुपर्नेछ।
११. उल्लेखित सम्पत्ति लिइसकेपछि सोको सम्पूर्ण जवाफदेही स्वयं खरिदकर्ताको हुनेछ। धनी बैंकसँग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाईने छैन।
१२. लिलाम बोलकबोल गरेको रकम वा धरौटी वापत बुझाएको रकममा कुनै ब्याज प्रदान गरिने छैन। साथै लिलाम सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न पाइने छैन।
१३. शिलबन्दी बोलपत्र यस बैंकले उपलब्ध गराए बमोजिमको तोकिदिएको ढाँचामा पेश गर्नुपर्नेछ। साथै बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ।

**पुनश्च** : उल्लेखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैंले सकार गर्दा साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कहि कतै उजुरवाजुर गर्न पाउनुहुने छैन।

| **बोलपत्र पेश गर्ने अन्तिम मिति, समय र स्थान :** | **बोलपत्र खोलिने मिति, समय र स्थान :** |
|---|---|
| २०८३/०५/१५ सोमबार १२:०० बजे सम्म | २०८३/०५/१५ सोमबार दिनको ३:३० बजे |
| केन्द्रिय कार्यालय, लाजिम्पाट | केन्द्रिय कार्यालय, लाजिम्पाट |

**माछापुच्छ्रे बैंक**
सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय, महाराजगंज

नेपाल न्युज नेटवर्क इन्टरनेसनल प्रालिद्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कर्पोरेट टावर, तीनकुने, काठमाडौं, पोस्ट बक्स नं. २४९९९, फोन : ४११२३२७, फ्याक्स : ४४८२१९९, E-mail : annapurna@amn.com.np, द.नं. १३५/०५८/०५९, म.क्षे.हु.द.नं. ०६९/०७०, अध्यक्ष : **क्याप्टेन रामेश्वर थापा**, प्रधान सम्पादक : **बालकृष्ण बस्नेत**